ehetaudasandesh.com
हेटौंडा
राष्ट्रिय दैनिक
# सन्देश
प्रदेश "क" वर्ग
२५औं वर्ष
Hetauda Sandesh Daily

वर्षः २५ ॥ अंकः ३४६ ॥ शनिबार २३ जेठ २०८३ ॥ षष्ठे ॥ ने.सं. ११४६ ॥ अनलागा ॥ Satusday 6 June 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

## स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड, उसुतर्फ काँश्य दिलाउने युना एकल छात्रा

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेश खेलकुद विकास परिषद्को आयोजनामा जारी १६ औं संस्करणको प्रदेशस्तरीय राष्ट्रपति रनिङ्ग शिल्डमा उसु प्रतियोगिता सम्पन्न भएको छ । बिहीबार राष्ट्रिय खेलकुद परिषद् (राखेपा)को कभर्ड हलमा उसो प्रतियोगिता सम्पन्न भएको हो । प्रतियोगितामा उसुतर्फ मकवानपुरबाट छात्रातर्फ युना पुलामी मगरले एकलैले आफ्नो जिल्लाका लागि सान्शोउ विधामा ४८ केजी तौल समूहबाट तृतीय हुँदै काँश्य पदक दिलाउन सफल भएको टिम प्रशिक्षक जयराम रथाल मगरले जानकारी गराएका छन् ।

प्रतियोगितामा सहभागी भएका मध्य अन्य खेलाडीहरु पदल बिहीन हुँदा बागमती गाउँपालिका वडा नम्बर-६ की युना पुलामी मगरले एकल रुपमा पदक दिलाइन् । उसुतर्फ अन्य सहभागी ११ जना खेलाडी भने प्रतियोगिताबाट बाहिएर पदक बिहीन भएको प्रशिक्षक जयराम रथाल मगरले बताए । यस वर्षको प्रतियोगिता सबै भन्दा बढी बागमती गाउँपालिकाका खेलाडीहरुको सहभागिता रहेको र अन्य हेटौंडाको खेलाडीहरुको सहभागिता रहेको उनले बताए ।

# वातावरण सुधारको सुरुवात व्यक्तिगत् व्यवहारबाट

सन्देश संवाददाता

हेटौंडा/५४ औं विश्व वातावरण दिवसको अवसरमा बागमती प्रदेशको हेटौंडामा आयोजित कार्यक्रममा वातावरण संरक्षणका लागि व्यवहारिक परिवर्तन आवश्यक रहेकोमा जोड दिइएको छ । कार्यक्रममा मुख्यमन्त्री इन्द्र बानियाँले प्लाष्टिक, डिजेल र पेट्रोलको अनियन्त्रित प्रयोगले वातावरणमा गम्भीर असर पारिरहेको बताउँदै नागरिकस्तरमै सचेतना र अभ्यास परिवर्तन जरुरी रहेको उल्लेख गरे ।

मुख्यमन्त्री बानियाँका अनुसार वातावरण प्रदुषण बढेसँगै मानव स्वास्थ्यमा समेत प्रत्यक्ष असर देखिन थालेको छ । क्यान्सरलगायत विभिन्न रोगहरु बढ्दै गएको उल्लेख गर्दै उनले वातावरण बिग्रिँदा त्यसको असर अन्ततः हामीमै फर्किने सन्देश दिए । उनले वातावरण सुधारको सुरुवात व्यक्तिगत् व्यवहारबाट हुनुपर्नेमा जोड दिए । प्रदेश सरकारले वातावरणमैत्री विकासलाई प्राथमिकतामा राख्दै नीति तथा कार्यक्रममा नयाँ व्यवस्था समावेश गरेको पनि उनले जानकारी दिए । निर्माण संरचनामा काठको प्रयोगलाई प्राथमिकता दिने, फोहोर व्यवस्थापनमा स्रोतमै वर्गीकरण अनिवार्य गर्ने जस्ता कदम अघि सारिएको उनको भनाइ थियो । विद्युतीय सवारीसाधन र इन्डक्सन चुलोको प्रयोग बढाएर स्वदेशी ऊर्जाको अधिकतम् उपयोग गर्नुपर्ने आवश्यकता औंल्याइयो । प्रमुख अतिथि मुख्यमन्त्री बानियाँले वातावरण संरक्षणलाई व्यवहारमा उतार्न समुदायको सक्रिय सहभागिता आवश्यक रहेको बताए । उनले जलवायु परिवर्तनका चुनौती सामना गर्न सरकार, स्थानीय तह, समुदाय र नागरिकबीच सहकार्यलाई अझ सुदृढ बनाउनुपर्ने धारणा व्यक्त गरे ।

वन तथा वातावरणमन्त्री भरतबहादुर केसीले जलवायु परिवर्तनका कारण हिमाल पग्लिने, बाढीपहिरो र अन्य प्राकृतिक विपद् बढ्दै गएको उल्लेख गर्दै वातावरण संरक्षण घरबाट सुरु गर्नुपर्ने बताए । उनले फोहोरलाई कुहिने, नकुहिने र जोखिमयुक्त गरी छुट्याउने अभ्यासलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा टोलविकास संस्थाहरुको भूमिकालाई पनि विशेषरुपमा उल्लेख गरिएको थियो । सरसफाइ, वृक्षरोपण र हरियाली प्रवर्द्धनमा उनीहरुको योगदानले हेटौंडालाई वातावरणमैत्री सहर बनाउने प्रयासलाई बल पुगेको बताइयो । कार्यक्रमका वक्ताहरुले वातावरण संरक्षणलाई केवल अभियानमात्र नभइ दैनिक जीवनशैली बनाउनुपर्ने निष्कर्ष निकालेका छन् ।

हेटौंडाको आयोजनामा विश्व वातावरण दिवसको अवसरमा सञ्चालन गरिएको सप्ताहव्यापी कार्यक्रम पुरस्कार वितरण, वातावरण सम्मान तथा समापन समारोहसहित सम्पन्न भएको छ । टोलविकास संस्था नगर समन्वय समिति अध्यक्ष ध्रुवप्रसाद अधिकारीको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री बानियाँ प्रमुख अतिथि रहे ।

विशेष अतिथि प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले हेटौंडामा टोलविकास संस्थामार्फत् समुदायमा आधारित विकास र वातावरण संरक्षण अभियानको सुरुवात गरिएको स्मरण गर्दै वातावरणीय सचेतना र सामाजिक रुपान्तरणमा टोलविकास संस्थाहरुको भूमिका महत्वपूर्ण रहेको बताए । वन तथा वातावरण मन्त्री भरतकुमार केसीले वातावरणीय सन्तुलन कायम राख्न प्राकृतिक स्रोतको संरक्षण, प्लास्टिकजन्य प्रदूषण नियन्त्रण तथा हरियाली प्रवर्द्धनमा सबैको साझा जिम्मेवारी रहेको बताउनुभयो । उनले वातावरणमैत्री विकासलाई प्रदेश सरकारको प्राथमिकतामा राखेको उल्लेख गरे ।

कार्यक्रममा अध्यक्ष अधिकारीले सप्ताहव्यापी कार्यक्रमअन्तर्गत् सम्पन्न भएका गतिविधिहरुको समीक्षात्मक प्रतिवेदन प्रस्तुत गर्दै वृक्षरोपण, प्लाष्टिक न्यूनीकरण अभियान, फोहोर खोज चुनौती, विद्यालयस्तरीय प्रतियोगिता, वातावरणीय संवाद, सचेतनामूलक र्‍याली, सरसफाइ अभियान तथा जनचेतनामूलक कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न भएको जानकारी दिए । उनले कार्यक्रम सफल बनाउन सहयोग गर्ने सम्पूर्ण निकाय, संस्था, विद्यालय, स्वयम्सेवक तथा सहभागीप्रति आभार व्यक्त गरे ।

कार्यक्रममा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री तथा हेटौंडा उपमहानगरपालिकाका पूर्वनगरप्रमुख पौडेल, बागमती प्रदेश सरकारका वन तथा वातावरण मन्त्री केसी, प्रदेशसभा सदस्य एकलाल श्रेष्ठ, जिल्ला समन्वय समिति प्रमुख ललितकुमार घलान, हेटौंडा उपमहानगरपालिका उपप्रमुख राजेश बानियाँलगायतको उपस्थिति थियो ।

*वातावरण सम्मान-२०८३ प्रदान*

समारोहमा वातावरण संरक्षण, सरसफाइ, हरियाली प्रवर्द्धन, जैविक विविधता संरक्षण तथा सामुदायिक विकासमा योगदान पुर्‍याएबापत् दिइने वातावरण सम्मान यस वर्ष पत्रकार प्रताप बिष्टलाई खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा पुर्‍याएको उल्लेखनीय योगदानको कदरस्वरुप प्रदान गरिएको छ ।

सिद्धिलाल श्रेष्ठलाई हेटौंडा-११ स्थित खालीजग्गामा बुद्धपार्क निर्माण तथा संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गरेबापत् सम्मान गरिएको छ । विद्यालयतर्फ वातावरणीय सरसफाइ तथा हरियाली प्रवर्द्धनमा उत्कृष्ट कार्य गरेबापत् भुटनदेवी माध्यमिक विद्यालय सम्मानित भएको छ । मन्दिरतर्फ पशुपति मन्दिर हेटौंडा-६, धार्मिक स्थलतर्फ कुष्माण्ड सरोवर त्रिवेणीधाम, स्मारकतर्फ शहीद स्मारक विकास समिति हेटौंडा-११ तथा सामुदायिक वनतर्फ रानी सामुदायिक वन हेटौंडा-६ सम्मानित भएका छन् ।

वडा कार्यालयमध्ये वातावरणीय व्यवस्थापन तथा हरियाली प्रवर्द्धनमा उत्कृष्ट कार्य गरेबापत् हेटौंडा उपमहानगरपालिका वडा-१० सम्मानित भएको छ । उत्कृष्ट टोलविकास संस्था वडा समन्वय समितिका रुपमा हेटौंडा-११ वडा समन्वय समिति सम्मानित भएको छ भने टोलविकास संस्थाहरुसँग समन्वय गरी वातावरणीय कार्यक्रम सञ्चालनमा महत्वपूर्ण भूमिका निर्वाह गरेबापत् हेटौंडा-११ वडा कार्यालयलाई विशेष सम्मान प्रदान गरिएको थियो ।

सर्प उद्धार तथा व्यवस्थापनमा महत्वपूर्ण योगदान पुर्‍याएबापत् राजेश थापा र विश्वास कोइरालालाई सम्मान गरिएको थियो । संघसंस्थातर्फ डिभिजन वन कार्यालय मकवानपुर, सामुदायिक प्रहरी सेवाकेन्द्र हेटौंडा-११, ज्ञानदीप टोलविकास संस्था, शान्तिचोक टोलविकास संस्था, सामुदायिक विकास तथा सचेतना नेपाल तथा पशुपति हेल्थ क्लबलगायत वातावरण संरक्षण, जनचेतना अभिवृद्धि तथा सामुदायिक विकासमा पुर्‍याएको योगदानको कदरस्वरुप विभिन्न व्यक्ति तथा संस्थाहरुलाई सम्मान गरिएको थियो ।

हेटौंडा-११ का पूर्ववडाअध्यक्ष गोकर्ण पराजुलीलाई आफ्नो कार्यकालमा वातावरण संरक्षण, सरसफाइ प्रवर्द्धन तथा टोलविकास संस्थाको प्रभावकारी परिचालनमा महत्वपूर्ण भूमिका निर्वाह गरेबापत् सम्मान प्रदान गरिएको थियो । यस अवसरमा वातावरण संरक्षण, सरसफाइ, हरियाली प्रवर्द्धन, सामाजिक जागरण तथा सामुदायिक विकासमा उल्लेखनीय योगदान पुर्‍याउने विभिन्न व्यक्तित्वलाई सम्मान गरिएको थियो ।

*विजेतालाई पुरस्कार वितरण*

सप्ताहव्यापी कार्यक्रमअन्तर्गत् आयोजित सचेतनामूलक र्‍याली प्रतियोगितामा विकास टोलविकास संस्था हेटौंडा-८ प्रथम, कालिकामाई टो विकास संस्था हेटौंडा-८ द्वितीय तथा फारलाइन टोलविकास संस्था हेटौंडा-८ तृतीय भएका थिए । मनकामना 'ख', मनकामना 'क', तपोवन, सिमलटार तथा पिप्लेचोक टोलविकास संस्थाले सान्त्वना स्थान प्राप्त गरेका थिए । खेर गएका वस्तुबाट उत्पादित सामग्री प्रतियोगितामा आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय प्रथम, नवोदय शिशु सदन द्वितीय तथा सिद्धार्थ माध्यमिक विद्यालय तृतीय भएका थिए । व्रह्मदिक एकेडेमी, ज्ञानदीप शिक्षा निकेतन, रस्सल एकेडेमी तथा भुटनदेवी माध्यमिक विद्यालय सान्त्वना भएका थिए ।

फोहोर खोज चुनौती प्रतियोगितामा कालिका टोलविकास समूह प्रथम, विकास टोलविकास संस्था द्वितीय तथा मनकामना टोलविकास संस्था तृतीय भएका थिए । कालिका समूह 'क', मनकामना 'ख' समूह, बिन्दवासिनी टोल तथा सिर्जना टोलले सान्त्वना स्थान हासिल गरेका थिए । कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि, वडा अध्यक्षहरु, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधि, हेटौंडा उपमहानगरपालिकाका महाशाखा तथा शाखा प्रमुखहरु, टोलविकास संस्था नगर समन्वय समितिका सल्लाहकारहरु, शिक्षक, विद्यार्थी, महिला स्वास्थ्य स्वयम्सेविकाहरु, सञ्चारकर्मी, धार्मिक, जातीय तथा सांस्कृतिक संघसंस्थाका प्रतिनिधिलगायतको सहभागिता थियो ।

## भ्यान दुर्घटना हुँदा एक जनाको मृत्यु, ६ जना घाइते



सन्देश संवाददाता

हेटौंडा/धादिङ जिल्लाको नीलकण्ठ नगरपालिका-१०, टारीबेसीस्थित सल्यानटार-धादिङबेसी सडकखण्डमा इको भ्यान दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने ६ जना घाइते भएका छन् । बुधबार दिउँसो १ बजेर ४० मिनेटको समयमा नरसिंहधामबाट भक्तपुरतर्फ जाँदै गरेको बागमती बिएएफ ०२२३ नम्बरको भ्यान अनियन्त्रित भई सडकबाट १५० मिटर तल खसेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

दुर्घटनामा भक्तपुर जिल्लाको सूर्यविनायक नगरपालिका-७ का ५३ वर्षीय न्हुछेबहादुर कोजु गम्भीर घाइते भएका थिए । उनलाई उपचारका लागि काठमाडौंस्थित शिक्षण अस्पताल लगिएकोमा उपचारका क्रममा राति ९ बजेको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ । घाइतेहरुको काठमाडौंको विभिन्न अस्पतालमा उपचार भइरहेको छ ।

# बागमतीमा संस्थागत् संरचनामा व्यापक पुनर्संरचना



सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेश सरकारले प्रशासनिक खर्च घटाउने र सेवाप्रवाहलाई थप प्रभावकारी बनाउने उद्धेश्यसहित प्रदेशको संस्थागत् संरचनामा व्यापक पुनर्संरचना गरेको छ । बिहीबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले प्रदेशका विभिन्न मन्त्रालयमातहत रहेका कार्यालयहरुको संख्या घटाउँदै १ सय ९१ कायम गर्ने निर्णय गरेको हो ।

प्रदेश सरकारका प्रवक्ता आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङका अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको प्रस्तावमा प्रदेश सरकारको प्रशासनिक संरचनामा व्यापक हेरफेर गरिएको छ । यसअघि प्रदेशमा आठ मन्त्रालयसहित २ सय १ कार्यालय सञ्चालनमा थिए । मन्त्री तामाङले प्रदेशमा सञ्चालन भइरहेका अस्थायी, दोहोरो तथा समान प्रकृतिका कार्यालयहरुलाई हटाउने, गाभ्ने तथा आवश्यकताअनुसार पुनर्संरचना गर्ने नीतिअनुसार निर्णय गरिएको बताए । उनका अनुसार केही कार्यालयहरु एकआपसमा गाभिएका छन् भने केही कार्यालय खारेज गरिएका छन् । सेवाप्रवाहमा आवश्यकता देखिएका क्षेत्रमा भने नयाँ कार्यालय तथा संरचनासमेत सिर्जना गरिएको छ ।

प्रदेश सरकारले केही वर्षयता प्रशासनिक खर्च बढ्दै गएको तथा कतिपय कार्यालयको कार्यक्षेत्र दोहोरिँदा सेवाप्रवाहमा समेत प्रभाव परेको निष्कर्ष निकालेको थियो । सोही आधारमा गरिएको पुनर्संरचनाले प्रशासनिक चुस्तता बढ्नुका साथै सार्वजनिक स्रोतसाधनको प्रभावकारी उपयोग हुने अपेक्षा गरिएको छ ।

*दुई उपसचिव ११ औं तहमा*

मन्त्रिपरिषद् बैठकले कर्मचारी व्यवस्थापनसँग सम्बन्धित महत्वपूर्ण निर्णय पनि गरेको छ । बैठकले उपसचिवस्तरका दुई कर्मचारीलाई ११ औं तहमा बढुवा गर्ने निर्णय गरेको हो । बढुवा हुनेमा स्वास्थ्य सेवातर्फका सागरप्रसाद घिमिरे र सतीश बिष्ट छन् । उनीहरुलाई बढुवा गरी आवश्यक पदस्थापनसमेत गर्ने निर्णय गरिएको मन्त्री तामाङले जानकारी दिए ।

*र्‍याफ्टिङ स्कुल सञ्चालनको बाटो*

संस्कृति तथा पर्यटन मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले प्रदेशमा र्‍याफ्टिङ स्कुल सञ्चालनका लागि सैद्धान्तिक स्वीकृति प्रदान गरेको छ । पर्यटन क्षेत्रको विकास, साहसिक पर्यटन प्रवर्द्धन तथा दक्ष जनशक्ति उत्पादन गर्ने उद्धेश्यले र्‍याफ्टिङ स्कुल स्थापना गर्ने अवधारणा अघि बढाइएको जनाइएको छ । बागमती प्रदेशका विभिन्न नदी क्षेत्रमा र्‍याफ्टिङको राम्रो सम्भावना रहेकाले यसले पर्यटन व्यवसायलाई थप व्यवस्थित र व्यावसायिक बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

बैठकले सामाजिक विकास मन्त्रालयको प्रस्तावमा अपांगता भएका व्यक्तिसम्बन्धि प्रादेशिक नीति, २०८३ स्वीकृत गरेको छ । प्रवक्ता तामाङका अनुसार उक्त नीतिले प्रदेशभित्रका अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण, सामाजिक सहभागिता अभिवृद्धि तथा जीवनस्तर सुधारका लागि आवश्यक कार्यक्रम तथा कार्ययोजना निर्माण गर्न मार्गदर्शन गर्नेछ । शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा तथा सार्वजनिक सेवामा अपांगता भएका व्यक्तिहरुको पहुँच सुनिश्चित गर्न विशेष व्यवस्था गरिने छ । प्रदेश सरकारले समावेशी विकास र सामाजिक न्यायलाई प्राथमिकतामा राख्दै नीति ल्याएको जनाएको छ ।






# मामाको लाल किताब



✍ऋचा गौतम

मेरा मामा माओवादी थिए । पूर्वतिर माउवादी भन्छन् । अँ, त्यही थिए । अझै छन् । आजभोलि त धेरै कुरा हुन्न तर बेलाबखत चुनाव खारेज गर् ! भ्रष्ट सरकार ! एमसिसी हामीलाई चाहिँदैन ! झोले सबै साइड लाग् ! भन्दै फेसबुकमा नारा लगाउँदै भाषण गरेको आक्कल झुक्कल देख्छु । भाषण मीठो गर्छन् । मामा सारै असल मान्छे थिए, हामी भान्जाभान्जीलाई माया गर्थे । नाम "बादल" । हामीचाहिँ मामा मात्र भनेर बोलाउँथ्यौँ । अझै त्यही भन्छौं । मेरा एक मात्र मामा । आमा पछाडिका मामा ।

मामा सम्झिँदा एउटा रातो किताब सम्झिन्छु । म सानै थिएँ । बुझ्ने बेला भइसकेको थिएन । हामी केटा केटीलाई खेल्न खान पाए पुगिहाल्थ्यो । मेरो मामाघर मोरङको बाहुनी भन्ने ठाउँमा पर्छ । घरबाट मामाघर हिँडेर २ घण्टाको दूरीमा थियो । मेरो सानो साइकल थियो । खेतान ब्रान्डको । धेरै वर्ष टिक्यो । त्यो साइकल पछिसम्म चलाएँ । खुब प्रिय थियो मलाई मेरो खेतान साइकल । सानो साइकलमा चढेर खुरुरु कहिले दूध लिन, कहिले बिस्कुट लिन बजार कुब चहारि न्थ्यो । साइकल नहुने केटाकेटीहरू थुक निल्थे । त्यही साइकल पालैपालो चलाउँदै मेरो भाइ र म, मामाघर जान्थ्यौं । मम्मी हिँड्नुहुन्थ्यो । भाइले साइकल चलाउँदा म मम्मीसँग हिँड्थें ।

एक साँझको कुरा हो । मम्मी धरानको पिण्डेश्वरी बोलबम जानुभयो । पूर्वतिर श्रावणमा बोलबम जाने चलन थियो । अझै छ । मलाई मामाघरमा केही दिनका लागि राखिदिनुभयो । मामाघरमा सानो किराना पसल थियो । पसलमा मामा बस्थे । मामासँगै म पनि बस्थें । बिस्कुट, चकलेट, मामा भुजिया के के जाति पाइन्थ्यो पसलमा । तर मलाईचाहीँ पसलमा बसेर सुर्ती बेच्न औधी रमाइलो लाग्थ्यो । पसलको एक कुनामा सुर्तीको बोरा राखिएको हुन्थ्यो, किन्न आउनेलाई फलामको तराजुमा नाप्ने अनि दिने । पैसा गल्लामा राख्ने । म पनि मामाघर बसुन्जेल साहुनी हुने मौका पाउँथे । सुर्ती साहुनी । सुर्ती किन्न आउनेले मेरै अगाडि बिडीमा सुर्ती भर्थे । चुरोटको आकार बनाई बटार्थे अनि त्यसको पुच्छरमा आगो लगाएर धुवा उडाउँथे । सुर्ती किन्न कोही आयो कि, म कुदेर नाप्न गैहाल्थेँ । साह्रै फूर्ती !

तराईको घर, काठले बनेको भित्ता, छानामाथि टिन । छेउमा बडेमानको बरको रुख । कहिलेकाहीँ राती सुतेको बेला बरको रुखबाट बिया, टिनमा झर्दा ठूलो आवाज आउँथ्यो । भुइँचालो नै पो आयो कि भनेर उठिन्थ्यो । अरुलाई उठाइन्थ्यो । गाली खाइन्थ्यो । २ तल्ला घर थियो, माथि सुत्ने, तल पकाउने । बीचमा, काठको भऱ्याङ थियो । प्रत्येक चोटी मामाघर जाँदा भऱ्याङ बेग्लै ठाउँमा सारेको हुन्थ्यो । कहिले दायाँ कहिले बायाँ । त्यो पाली बीचमा सरेको रैछ । साथै, पसल राख्ने घुम्ती पनि सर्थ्यो । खै किन सर्थ्यो मैले अहिलेसम्म बुझेको छैन । मामाघर जाँदा बाटोभरि "यो पाली भऱ्याङ कता होला ?" सोच्दै जान्थें ।

त्यो साँझ, मम्मीले मामाघरमा छोडेर गएपछि म चुपचाप भऱ्याङ नजिकै बसेर बाहिर हेर्दै थिएँ । अरू कोही थिएन । त्यही बेला, भऱ्याङ नजिकै रहेको भकारीको छेउमा एउटा रातो किताब भेटेँ । किताब पातलो र निक्खर रातो थियो । गाताको बीचमा ठूलो हँसिया, हथौडाको चिह्न थियो । मैले किताब कसको होला भन्ने विचार गरेँ । जान्ने इच्छाले किताबका पाना पाना हेरेँ । हरफ हरफ हेरेँ । कुनैमा चित्र थिएनन् । अक्षर मात्र थिए । अलिअलि पढेँ । थोरै बुझेँ, धेरै बुझिनँ । पढ्दै थिएँ, एक्कासी माथिबाट मामा हतारिएर आए अनि त्यो लाल किताब खोसेर लगे । मलाई पढेर चित्त बुझेकै थिएन । खोसे मामाले । तर रिसाएनन् । मामा खुशी पनि भएनन् । मामाको आँखामा एउटा अनौठो भाव थियो । मामा डराएका जस्ता पनि देखिए । यस्तो लाग्यो, मामाको एउटा गोप्य रहस्य थाहा पाउने पहिलो मान्छे सानी भान्जी बनेकी छे । म ट्वाल्ल परेँ । अलि पछि बिस्तारै थाहा पाएँ मैले, मामा त लाल किताब पढेर माउवादी भइसकेछन् ।

मामा खुब पढ्थे । म कोठामा गएर मामाको काँधमा चढ्थेँ, घरी किताब खोस्न जान्थेँ । घरी जिस्किन्थेँ । मामा कहिल्यै रिसाएनन् । कहिले कराएनन् । बरु डोर्याएर भऱ्याङ तल पुऱ्याउँथे, आफू माथि जान्थे र चुकुल लगाएर फेरि लाल किताब पढ्थे । मलाई खपिनसक्नु हुन्थ्यो । लुकाएकाले होला, मलाई पनि लाल किताब पढ्ने ठूलो इच्छा भयो । तर त्यस बेला, त्यो इच्छामै सीमित रह्यो ।

दिन बिते, रात पनि बिते । महिना, वर्ष सबै बिते । म ठूली हुँदै गएँ । अलि बुझ्ने भएँ । लाल किताब बिर्सिएँ, लालको सट्टा रङ्गीचङ्गी किताबहरू बाउले ल्याइदिए । बाउ उपन्यास पढ्थे, मधुपर्क, साप्ताहिक, कान्तिपुर पढ्थे । हामीलाई त्यही पढाए । तर बाउ माउवादी मन पराउँदैनथे । यी सब खाउबादी हुन् भन्थे । हामी पत्याउँथ्यौं । पछि भाई र मैले कथा, कविता, लेख खुब पढ्यौं । आहा ! मन यतै रमायो ।

उता मामा कट्टर माउवादी बने । मामाघरमा बूढी हजुरआमालाई हप्काई दप्काई गर्न दिनरात शाही सेना आउँथे । मैले धेरैपटक आफ्नै आँखाले देखेँ । हजुरआमालाई छोरा बचाउने चिन्ता । मम्मीलाई आमाको चिन्ता ।

मामालाई खोज्न सेनाले कति चोटि मामाघर घेऱ्यो तर भेटिएनन् । मामा ज्यान जोगाउन कहाँ कहाँ लुकी हिँड्थे । सेनाले लाल किताब पनि खोज्यो । अहँ, केही पनि भेटेन । मामा बाठा मान्छे रहेछन्, लुके । हाम्रो भाग्य रहेछ, मामा बाँचे ।

मेरी आमाका कति ओटा तिहार मामालाई कुर्दै बितेको सम्झिन्छु । भाइ जिउँदै छ कि छैन भन्ने थाहा नपाई आमा कतिचोटि रोएको पनि याद आउँछ । आमा धेरै रोइन्, मामा फर्केनन् । धेरै वर्ष फर्केनन् । हाम्रो घरमा धेरै पछि मामा आए । दुब्लाएका थिए । मामा देखेर म औधी खुशी भएँ । उनले ठूलो झोला भिरेका थिए । झोला हेर्न दिएनन् । त्यति बेला जनआन्दोलन शिखरमा रहेछ । मान्छे मरेको खबर दिनदिनै आउँथ्यो । एम्बुस पड्केको खबर सामान्य जस्तो थियो । सेना, गाउँ गाउँमा आउँथे । माउवादी पनि त्यस्तै छ्याप्छ्याप्ती । कति चोटी आमाले खाना पकाएर एक दुईजना माउवादीलाई खुवाएको पनि सम्झना आउँछ ।

त्यस साँझ आफ्नो भाइ भेट्दा मम्मी खुशी हुनु भएन । खुब डराउनुभयो । हतार हतार खाना दिनुभयो अनि मामालाई लुक्न लगाउनुभयो । हामीले घरको ढोका चुकुल सबै लगायौँ । अनि भाइ र मैले मामालाई सुपर मारियोको गेम देखाउन थाल्यौं । हामीलाई के मतलब । बल्ल बल्ल आएका मामा, लु भिडियो गेम खेलौं भन्ने भयो । मामाले खेलेनन् । हाम्रो आँखा छलेर मामाले बिस्तारै कम्मरबाट केही निकाले । भारी भएछ क्यारे । कि घाउ थियो म भन्न सक्दिनँ । त्यस साँझ भाइ र मैले पहिलो पटक बन्दुक देख्यौं । फलामको बन्दुक । जुन सानो थियो । मामाले हतार हतार झोलामा हाले । खेल्ने बन्दुक हो भनेर हामीलाई झुक्याए । हामीले पत्याएनौं ।

मामाका कति मिल्ने साथीहरूलाई सेनाले ठाउँको ठाउँ पाऱ्यो । हाम्रो भाग्य रहेछ, मामा बाँचे । मामाले बाँचेर आएपछि हामीलाई युद्धका कथा सुनाए । मलाई धेरै याद छैन, २ वटा कथाचाहिँ झल्झली याद आउँछ । आज सुनाउँछु । सुन्नेलाई सुनको माला । भन्नेलाई फूलको माला । भो, मलाई मालाचाहिँ चाहिँदैन । कथा यस प्रकार छ ।

पूर्वमा चिसाङ खोला प्राय सबै लाई थाहा हुन्छ । मोरङ वरिपरि बग्छ चिसाङ । चिसाङको बगर, माउवादी लुक्ने सुरक्षित ठाउँ । एक रात मामा र मामाका बटालियन चिसाङमा सेन्ट्री बसेका थिए रे । सेनाले थाहा पाएर धेरै सङ्ख्यामा टोली परिचालन गरेछ । माओवादीको सङ्ख्या थोरै । घेरिहालेछ । गोली चल्न थालेछ । डुंग डुंग डुंग.. माओवादीको केही नलागेपछि सबै तितर बितर भागेछन् । मामासँग बन्दुक थियो रे गोली भरेको । अलिकति आँट आएछ । आयो कि ठोक्छु भन्ने सोचेर घोडा अझै नजिक आउँदा, मामाले पल्याक पुलुक हेरेछन् । केही छैन । कोही छैन । हुँदा हुँदा घोडाको पाइला कान नजिक आयो रे । अझै, केही पनि छैन । भूत, प्रेत, देवता, दानव केही नमान्ने कम्युनिस्ट मामालाई अबचाहिँ डर लागेछ । मुटुले झण्डै ठाउँ छोड्यो रे । आफ्नै मुटुको ढक् ढक् आवाज सुनेर बीचरा मामा झण्डै बेहोस भएछन् । अब के गर्ने ? भूत हो कि ? कि चुडेल हो ? मामा थुरथुर । डरले पिसाब फेरेको कुरा चाहिँ भनेनन् । तर मलाई शङ्का छ । पक्का, मामाले .......भैगो, त्यता नजाऊँ । धन्य गोजीमा चुरोट खान राखेको सलाई थियो रे । के गरूँ गरूँ भएर हत्तपत्त सलाइको काँटी बालेछन् । भर्र आगो बल्दा खुर्र कुदेर मामा टाप कसेछन् । धन्य हाम्रो भाग्य रहेछ, मामा बाँचेछन् ।

अर्को घटना, जुम्लातिरको । हामी त पक्का पूर्वेली पऱ्यौं, मामाले पश्चिमको कुरा गर्दा खुब मजा आउँथ्यो । मामा भीर, पाखा, चौरी, ढाक्रे सबैका कुरा गर्थे । कथा सुन्न "डुसु" भन्ने राई मामा दौडँदै आउँथे । डुसु मामाको दाह्री जुँगा कहिल्यै देखिनँ । सधैं क्लिन सेभ्ड । हँसिला थिए, फत्फताउँदै बोल्थे । आएर कथा सुन्न थपक्क बस्थे । त्यही बेला लिम्बु काका पनि टुप्लुक्क देखा पर्थे । हामी "आदाङ्बे आदाम्बासे सेवारो है काका" टर्क्याउँथ्यौं । काका ले लु लु भन्दै २ वटा गोली मिठाई दिन्थे । अहिलेको रफाइलोले के को जित्थ्यो ? त्यति मीठो गोली मिठाई । काका पनि बस्थे मामाको कहानी सुन्न । हामी मिठाई कुप्लुक्क मुखमा हाल्थ्यौं ।

एक दिन जुम्लाको कुनै विकट गाउँमा थिए रे एक हुल माओवादी । मामा हुने नै भए । युद्ध माथि युद्ध, डर माथि डर । खाना नपाएको कति दिन भएको थियो रे। भोकले सबै प्याक प्याक। केही पनि खानेकुरा नभेटेर सबै चुपचाप बसेका थिए रे । उपाय नभएपछि के गर्नु ? अनि त्यही बेला, अगाडिबाट एउटा रातो गोरु टुप्लुक्क टप्किएछ । मान्छेलाई भनेको होइन है, गाईकै गोरु । गोरु मोरालाई सबैले मुखामुख गरेर हेरेछन् । मामा त बाहुनको छोरो । तर सबैभन्दा शुरुमा मामाले नै भनेछन् , हान्दिऊँ साथी हो । जे पर्छ पर्छ । बाँचियो भने पछि मनदेखि माफी मागौँला । कुरा खत्तम । गोरु खत्तम । टोलीले पार्टी गरेछन् त्यो दिन । अनि बाँकीका दिन पनि । मैले गोरुको कथा सुनेर टुच्च मुख बिगारेकी थिएँ । अहिले सम्झिन्छु मामा सरल नै मान्छे हुन्, खाएछन् । हाम्रो भाग्य नि, गोरु खाएर पनि मामा बाँचेछन् ।

जनआन्दोलनभन्दा अगाडि मामा फुक्का थिए । घुम्तीमा बसेर घाम ताप्थे । मामाको न्वारनको नाम दीनानाथ हो रे । दीनानाथ भनेको भगवानको नाम । मम्मीले भनेर सुनेको । एक दिन छिमेकी काकीको बुढासँग झगडा परेछ । काकी घर बाहिर निस्केर, "हे दीनानाथ, मेरो रक्षा गर !" भन्दै कराउँदै रैछिन् । मामाले घुम्तीबाटै "तथास्तु" भनिदिएछन् । कति हाँस्नु ! मामा रमाइला मान्छे । आफू पनि हाँस्थे, अरुलाई पनि हसाउँथे । मामाले पछि घर बार गरे । माइजू पनि माउवादी नै बिहे गरे । माइजू पनि असल छिन् । मामाको बिहे, मामाघरको त्यो सरिरहने भऱ्याङमुनि जग्गे बनाएर सेनासँग लुकेर गरेको अहिले सम्झिँदा रमाइलो लाग्छ । कतै सेना आइ पो हाल्छ कि भनेर, ४ तिर बाटोमा ४ जना सेन्ट्री बसेका थिए, एउटा सेन्ट्री मै थिएँ । कहिले चुर साहुनी भइयो, कहिले सेन्ट्री गार्ड !! जे गर्नु मामाले गरे ।

सेना आएन । बिहे भो । केही वर्षपछि माइजू माउवादीबाट २ छोराकी माउ भइन् । अहिले त मामा पनि बूढा भए । मामा अझै विद्रोह गर्छन् रे । अझै उठाउँछन् रे आवाज अन्यायविरुद्ध । मामा अझै थाकेका छैनन् । भन्नेले भन्दा हुन्, खै के नापियो आन्दोलन गरेर ? न धन छ न जागिर । तर, मामा खुशी छन् । यत्तिका वर्षसम्म पनि थाक्दै नथाकी आफ्नो सिद्धान्त अनि आवाज बुलन्द बनाउँदै हिँडेकोमा म मामालाई सलाम गर्छु । मामा कर्मयोगी मान्छे थिए, अझै कर्म गर्दै छन् ।

## मकवानपुरमा आज

१: जानकारीमा नआएको ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला । समयमा जुट्न नसक्दा आफ्नो काम रोकिन सक्छ । अरूका लागि उपयोग भइनेछ । | बृष | कर्मयोगले नयाँ मोड लिनेछ भने पुरुषार्थी काम गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । |
| मिथुन | आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन् । अध्ययनतर्फ धेरै समय जुट्न नसकिएला । समयमा वचन पुऱ्याउन नसक्दा आलोचित भइनेछ । | कर्कट | द्विविधा बढ्नाले निर्णायक क्षमता कमजोर बन्नेछ । वादविवादले पनि आँटेका काममा बाधा पुऱ्याउनेछ । छिद्र खोतल्नेहरूबाट सावधान रहनुहोला । |
| सिंह | आकस्मिक खर्च बढ्नेछ भने आम्दानीका स्रोत कमजोर हुने समय छ । पछिका लागि लगानी बढाउनु पर्ने स्थिति आउन सक्ने योग देखिनेछ । | कन्या | फाइदाका लागि दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला । यात्रा खर्चिलो र कष्टकर बन्न सक्छ । छिमेकमा असमझदारी बढ्नेछ, होसियारीसाथ काम लिनुहोला । |
| तुला | मेहनतले विशेष अवसर दिलाउनेछ । गरिएका कर्मको उचित प्रतिफल पाइनेछ । रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ । | बृश्चिक | प्रतिस्पर्धीलाई सजिलै पछि पार्न सकिनेछ । कृषिमा पनि मनग्य धन आर्जन हुने समय छ । अग्रजहरूको मार्गदर्शन लाभदायक रहनेछ । |
| धनु | सोखले खर्च बढाउनेछ । आवेशको निर्णयले आँटेको काम बिग्रन सक्छ । व्यर्थैमा वादविवादमा परिने समय रहेकाले गोपनीयतामा ध्यान दिनुहोला । | मकर | रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ । |
| कुम्भ | बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । मिहिनेत गर्दा रोकिएको काम बन्न सक्छ । इच्छाशक्तिद्वारा महत्वाकांक्षी कार्य शुभारम्भ हुनेछ । | मिन | केही अवसर प्राप्त भए पनि कामको मेसो नमिल्दा व्यवहारमा पछि परिनेछ । अरूका लागि बुद्धि खर्चनुपर्ला । स्वास्थ्य कमजोर रहनेछ । |

## हाम्रो सम्पर्क ठेगाना

हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८०१०६७२३६
बिज्ञापन शाखा : ९८६५१७५१३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# मित्र

कविता :



✍गोविन्द सुबेदी

नाम होइन,
आवश्यकताको क्षणमा
आवाज बनेर आइपुग्ने अनुभूति हो ।
।।
भीडले घेरेको बेला
एक्लोपन बुझ्ने आँखा
हाँसोभित्र लुकेको
आँसु पढ्न सक्ने मन
त्यही हो, मित्र ।
।।
मित्र
सधैं सहमत हुँदैन
तर असहमत हुँदा पनि
छोडेर जाँदैन
कटु सत्यलाई
मायाको स्वरमा भन्न सक्ने
दुर्लभ साहस हो ।
।।
सफलतामा ताली बजाउने धेरै हुन्छन्
असफलतामा
छेउमा बसेर
चुपचाप हात थाम्ने
थोरै मात्र
तिनै हुन्, मित्र ।
।।
मित्र
रगतको नाता नभए पनि
भाग्यले रोजेको
आत्माको सम्बन्ध हो
जहाँ हिसाब छैन
केवल भरोसा हुन्छ ।
।।
समय बदलिन्छ
मान्छे बदलिन्छन्
तर
एक साँचो मित्र
समयसँग होइन
सत्यसँग उभिन्छ ।
।।
मित्र
जीवनको यात्रामा
नक्सा होइन
अन्धकारमा
बालेको सानो दीप हो
जसको उज्यालो
आफैंभन्दा अगाडि
मलाई देखिन्छ ।

# स्वर्गजस्ता ठाउँ

गीत :



✍नरेन्द्रनाथ भट्टराई

इलामको माइपोखरी, डुङ्गा सवार गर्दै ।
वरिपरि किवी खेती, स्वाद मिठो फेर्दै ।
।।
जिन्दगीको बहारमा तिमीसँग खेल्दा ।
प्रकृति नै रमाउँछ, हाम्रो जोडी मिल्दा ।
।।
काली तिमीलाई देख्दा मनै, तिल्मिलाउँदै गयो ।
झ्याउपोखरी, चियाबारी, घुम्दा भेट भयो ।
।।
थुम्केडाँडा, सिद्धिथुम्का, सूर्यास्त देखियो ।
टाढैबाट सन्दकपुरले माया पोखिदियो ।
।।
जहिलेसुकै अन्तु इलाम, तिम्रो घुम्टोभित्र ।
प्रकृतिले रमाउँदै, खिच्छ हाम्रो चित्र
।।
लुम्बिनी र सगरमाथा, संसार तान्ने नाउँ ।
नेपालमा रैछन् साँच्चै, स्वर्गजस्ता ठाउँ
।।

*शब्द संयोजन: देवी गौतम*

# मरिसके छु, अझै नमार

गीत :




✍वेदिका

मरिसके छु, अझै नमार
मर्दैन मुर्दा आँसु नझार
।।
त्यो हाँसो पनि, धिक्कार लाग्छ
तड्पिँदा एक्लै यो अवसादमा
फिर्ता लगिदेऊ बिन्ती त्यो नासो
म एक्लै छु पलपल ! यो विषादमा !
यो इखमा भो विष नझार
निर्दोषी छु भो दोष नपार !
।।
सपना चुँडायौ यो मध्यरातमा
खोज्दै छु देश म यो दसगजामा
विन्ती यो मेरो देशलाई भनिदेऊ
दुख्दछ देश हर ऐठन ऐठनमा
म विश्व मानव हुँ, सिमाना नबाँध
यज्ञ मर्दैन मुर्दा आँसु नझार

# गुहार ! वीरबहादुर दाइ, गुहार !!

कविता



✍ क्षेत्रप्रताप अधिकारी

पहाडवाट परपर
प्रतिमाहरू भागिरहेछन्
गढी, गौंडा र गल्लीहरू
तिम्रो गस्ती मागिरहेछन् ।
।।
प्रशान्त पहरा
पर्वत भएर उठ
अलिकति उनलाई थपौं र
सम्मान गारद अर्पण गरौं हिमालयलाई
क्यामरामा लुकेर गए
शान्तिका आँखाहरू ।
।।
सारंगीमा सुकेर गए
स्वदेशी भाकाहरू
हत्केलामा सीप र
सुसेलीमा सिर्जना गाउँदै उठ
शान्तिका आँखा रचना गरौं र
सम्मान गारद अर्पण गरौं बुद्धलाई ।
।।
आफ्नो भन्नु त्यही बुद्ध हो
बुद्धका आँखाहरू हुन्
आफ्नो भन्नु यही माटो हो
माटोका पाखाहरू हुन्
बुद्धका आँखा नरहे
हामी युद्ध हुन्छौं
माटोका पाखै नरहे
हामी टुहुरा हुन्छौं
आऊ माटोको माया रोपौं मुटुभरि र
सम्मान गारद अर्पण गरौं नेपाललाई ।
।।

## प्रेम सम्बन्धि सर्वोत्कृष्ट ९ भनाइहरू

१. एकदिन तिमीले मलाइ सोध्ने छौ, मेरो जिन्दगि बढी महत्वपूर्ण छ कि तिम्रो ? मैले मेरो जिन्दगि भन्नेछु र तिमि मलाई छोडेर जानेछौ यो थाहा नपाईकन कि तिमि नै मेरो जिन्दगि हो ।

२. जिन्दगि छोटो छ यसैले बिस्तारै चुम्वन गर, दिल खोलेर हास, साँचो माया गर अनि छिट्टै क्षमा गर ।

३. यदि उनि मजेदार छिन भने उनी छिटै मान्ने खलकको हुदिनन ।

यदि छिटै मान्ने खालको हुन्थिन भने मजेदार हुने थिइनन । यदि उनि तिम्रो लाएकको छिन भने तिम्ले छोड्ने छैनौ । यदि छोड्छौ भने तिमि लाएकको हुने छैनौ ।

४. एउटा पुरुष त्यो बेला निकै भाग्यमानी हुन्छ जब उसको प्रेमिकाको उ पहिलो प्रेमि रहेको हुन्छ । र, एउटी महिला तव भाग्यमानी हुन्छिन, जब उनि नै प्रेमिको अन्तिमसम्मको प्रेमीका बन्छिन ।

५. मलाई विश्वास छ जे हुन्छ राम्रै को निम्ति हुन्छ । मानिसहरु बदलिन्छन यसकारण कि हामीले उनीहरुलाई आफ्नो जिन्दगि देखि जान दिन सकौ । कहिलेकाही समय हामीले सोचेजस्तो कहिल्यै हुदैन यसकारण कि जब राम्रो समय आउछ त्यो समयलाई प्रशंसा गर्न सकौ । कहिलेकाही झुटले चोट दिन्छ जसको कारण हामीले आफूबाहेक अरुको विश्वास गर्न हुदैन भन्ने कुरा सिक्न सकौ ।

कहिलेकाही रामा चिज हामीबाट खोसिएर जान्छन ताकी अझै उत्तम चिज हामीले प्राप्त गर्न सकौ भनेर हो ।


६. कसैलाई माया गर्नु केही होइन, कसैद्वारा माया पाउनु केहिथोक हो, जसले तिमीलाई पनि माया गर्छ उसलाई माया गर्नु सबैथोक हो ।

७. हरेक प्रकारको सुन्दरताको निम्ति त्यसलाई देख्न सक्ने आँखा कसै न कसैमा अवश्य हुन्छ । हरेक सत्यको निम्ति त्यसलाई सुनिदिने कान कसै न कसैमा अवश्य हुन्छ । हरेक मायाको निम्ति त्यसलाई स्वीकार गर्ने मुटु कसै न कसैसँग अवस्य हुन्छ ।

८. प्रेम मुस्कानद्वारा सुरु हुन्छ, चुम्बन मार्फत फल्छ/फुल्छ अनि आशूमा गएर अन्त्य हुन्छ ।

९. हामीले एकदमै पर्फेक मानिस भेटेको कारण प्रेम गर्ने होइन हामीले त अपूर्ण मानिसमा पनि त्यो पूर्णता भेटन सकेको कारण प्रेम गर्ने हो ।

# सौम्यमा सबैछ



✍ चेतप्रसाद पौडेल
(सैपुले साहिंलो)

यो सौम्य
शब्दमा
शक्तिछ
बुझेर ।
॥१॥
श्री बृद्धि
चुम्नुछ
चरित्र
पूजेर ।
॥२॥
उत्कृष्ट
सुभाव
योभित्र
भेटिन्छ ।
॥३॥
अनन्य
अपेक्षा
जिज्ञासा
मेटिन्छ ।
॥४॥
व्याख्या र
वर्णन
फुर्तिले
गरेर ।
॥५॥
इज्जत
खातिर
अगाडि
सरेर ।
॥६॥
राष्ट्रको
गौरव
विशिष्ठ
गरिमा ।
॥७॥
नेपाल
प्रशिद्ध
यो विश्व
भरिमा ।
॥८॥
सगर
माथाको
उचाइ
बढेको ।
॥९॥

ब्रहाण्ड नायक प्रकृति सचित्र ।
लुकेको प्रतिष्ठा सौम्यको यो भित्र ॥

# ढांटनू

(व्यङ्ग्य कविता)

✍ नरनाथ लुईटेल

**कुटनीति झुटनीति फुटनीति जुटाएर**
**लुटनीति जति सबै अंजुलीमा उठाएर**
**अट्टहास गरीगरी लपालप चाटनू**
**सफाचट पारी देश ठांटसंग ढांटनू ।**
**॥**
**छिन दिन हप्ता मैना वर्षैभरी ढांटनू**
**ढाँटबाहेक केही छैन जुनीभरी ढाँटनू**
**खालि ढांट्ने मौसम यो ढांटेरै डांटनू**
**ढांटवारे भयो नेता पेशा उसको ढांटनू ।**
**॥**
**ढांटकै ढ्वाङ फुकी ढांटको डोरी बाट्नू छ**
**ढांटढुट लाटलुट ढांटेरै भोट काट्नु छ**
**भोट निम्ति नोट फेरि जताततै बांटनू**
**तेर्ब्याएर ब्रम्हलुट साधु बनी ढांटनू ।**
**॥**
**उठी ढांटनू बसी ढांटनू सुतीसुती ढांटनू**
**ढांटेरै उल्टासुल्टा भाषण गफ छांटनू**
**फाटी मर्नु बनाएर देशको जरा काटनू**
**इलमै भो ढाटुवाको सारा जिन्दगी ढांटनू ।**
**॥**
**फेरि आयो ढांट मौसम ढाटुवाहरू जुर्मुराए**
**ढांटका यी ढाडीहरू केश भरी सर्सराए**
**ढांट ढांट ढाट्वारे हो सत्यलाई डांटनू**
**ढांटकै रहेछ राज्य यो मस्तीसंग ढांटनू ।**
**॥**

# कहाँ हरायो ४ पटकको विश्वविजेता इटाली ?



काठमाडौं/चार पटकको विश्वविजेता इटाली गत ३ संस्करणको फिफा विश्वकपदेखि टाढा छ। छनोट चरणबाट बाहिरिँदा इटाली सन् २०१८, २०२२ र २०२६ को विश्वकप खेल्न पाएन । १६ टिम सहभागी हुने व्यवस्था हुँदा लगातार विश्वकप खेलेको इटाली अहिले ४८ देश पुर्‍याउँदा पनि छनोट हुन सकेन।

पहिलो विश्वकपमा सहभागी नभएको इटाली दोस्रो र तेस्रो विश्वकपमा च्याम्पियन बन्यो । त्यसपछि २०१४ सम्म इटालीले एउटाबाहेक सबै विश्वकप खेलेको छ । सन् १९५८ को विश्वकपका छनोट हुन सकेको थिएन। इटालीले सन् १९३४, १९३८, १९८२ र २००६ मा भएको विश्वकपको उपाधि जित्न सफल भयो ।

विश्वकपको १८औं संस्करण अर्थात २००६ को विश्वकपसम्म शानदार प्रदर्शन गरेको इटाली फुटबलको पतन त्यसपछि सुरु भयो। फिफा वरीयताको १२औं स्थानमा रहेको इटालीले पछिल्लोपटक २००६ मा फिफा विश्वकपको उपाधि जितेको थियो। विश्व विजेता बनेको ४ वर्षपछिको अर्को विश्वकपमा इटाली समूह चरणबाटै बाहिरियो ।

२०१० विश्वपकमा समूह 'एफ' मा रहेको इटाली पाराग्वे, स्लोभाकिया र न्युजिल्यान्डसँग पराजित हुँदै पहिलो चरणबाटै बाहिरिन पुग्यो । इटाली जितविहीन बन्यो । त्यसपछिको विश्वकपमा पनि इटालीले समूह चरण पार गर्न सकेन। २०१४ को विश्वकपमा इटालीले इंग्ल्याण्डलाई हराउँदा पोर्चुगल र कोस्टारिकासँग पराजित हुन पुग्यो।

त्यसयता इटाली विश्वकपमा छनोट हुन सकेको छैन। स्विडेनसँग पराजित हुँदा सन् २०१८ को विश्वकपमा छनोट हुन असफल भएको इटालीलाई सन् २०२२ मा उत्तर म्यासेडोनियासँगको हारले विश्वकप पुग्ने यात्रामा रोक लगायो। सन् २०२६ मा बोस्निया र हर्जेगोभिनासँगको हारका कारण इटाली छनोट नहुने विश्वकपमा ह्याट्रिक पूरा भयो। फिफा विश्वकप २०२६ को छनोटअन्तर्गत समूह 'आइ'मा ८ खेलमध्ये ६ खेलमा जित निकाल्दै इटाली अंक तालिकाको दोस्रो स्थानमा रहँदै इटाली दोस्रो चरणमा पुग्यो ।

पहिलो चरणमा शीर्ष स्थानमा रहँदै सिधै विश्वकपमा छनोट हुने अवसर इटालीले गुमायो । दोस्रो चरणमा इटाली, उत्तरी आयरल्याण्ड, वेल्स तथा बोस्निया र हर्जेगोभिनामध्ये एक टोली विश्वकपमा छनोट हुने अवस्था बन्यो। पहिलो खेलमा इटालीले उत्तरी आयरल्याण्ड तथा बोस्निया र हर्जेगोभिनाले वेल्सलाई पराजित गरे । फाइनलमा बोस्निया र हर्जेगोभिनासँग पेनाल्टी सुटआउटमा पराजित हुँदा इटाली लगातार तेस्रोपटक विश्वकपमा छनोट हुन सकेन । निर्धारित समयमा १-१ को बराबरीमा सकिएपछि खेल पेनाल्टी सुटआउटमा पुगेको थियो। पेनाल्टी सुटआउटमा बोस्निया र हर्जेगोभिनाले ४-१ ले पराजित गर्दा विश्वकप खेल्ने इटालीको चाहनामा ब्रेक लाग्यो । सन् २००६ मा भएको म्याच फिक्सिङ काण्ड जुन इटालियन फुटबलको पतनको एक प्रमुख मोड बन्यो। सिरी 'ए' लिगमा युभेन्टसले रेफ्री नियुक्ति र निर्णयलाई प्रभावित पार्न अनैतिक गतिविधि गरेको प्रकरण बाहिर आयो । दोषी ठहर हुँदा युभेन्टस 'ए' बाट 'बी' मा घटुवा भयो ।

सोही कारण धेरै स्टार खेलाडीहरूले क्लब छाडे, प्रायोजकहरूमा अन्योल सिर्जना भयो र इटालियन फुटबलको अन्तर्राष्ट्रिय छविमा ठूलो धक्का पुग्यो । सन् १९८० र ९० को दशकमा विश्वकै उत्कृष्ट लिग मानिने सिरी 'ए'को भ्यालु घट्दै गयो । जसको प्रभाव इटालियन फुटबलमा पर्‍यो ।

सन् २००७ मा लिभरपुललाई हराउँदै मिलानले च्याम्पियन्स लिगको उपाधि जित्यो। च्याम्पियन्स लिगको फाइनल खेलमा मिलानको सुरुवाती-११ मा एकजना पनि इटालियन खेलाडी पनि थिएनन् । जसको असर २०१० को विश्वकपमा देखियो । उक्त विश्वकपमा इटाली जितविहीन बन्दै समूह चरणबाटै बाहिरियो । त्यसपछि २०१४ को विश्वकपमा पनि इटाली समूह चरणबाटै बाहिरियो। त्यहाँबाट पनि इटालीको पतन रोकिएन।

सन् २०१८ को विश्वकपको छनोट हुन असफल हुँदै इटाली ६० वर्षपछि विश्वकपबाट बाहिर रहन पुग्यो । सो निराशा लामो समय चलेन। निराशामा डुबेको इटालीका लागि प्रशिक्षक रोबर्टो मान्सिनीले लगातार ३७ खेलमा जित निकाल्दै पुनर्जीवित गरे । त्यतिबेला बनेको अन्तर्राष्ट्रिय फुटबल इतिहासमै सबैभन्दा लामो ३७ खेलसम्म अपराजित रहने विश्व कीर्तिमान इटालीको नाममा छ ।

# मलेसियामा गुन्जियो नेपथ्य



क्वालालम्पुर/नेपाली लोकरक ब्यान्ड नेपथ्यले मलेसियाको राजधानी क्वालालम्पुरमा भव्य सांगीतिक प्रस्तुति दिएको छ। आफ्नो साढे तीन दशक लामो सांगीतिक यात्रामा नेपथ्य पहिलोपटक मलेसियामा प्रस्तुत भएको हो ।

पर्यटकीय क्षेत्र बुकित बिन्ताङस्थित 'जेप हल'मा आइतबार साँझ ठीक ७ बजे 'कोशीको पानी' गीतबाट कन्सर्ट सुरु गरिएको थियो। त्यसपछि एकपछि अर्को लोकप्रिय गीत प्रस्तुत गर्दै ब्यान्डले दर्शकलाई मन्त्रमुग्ध बनाएको थियो ।

नेपथ्यका प्रमुख गायक अमृत गुरुङले प्रस्तुति बीच-बीचमा दर्शकसँग संवाद गर्दै देशप्रेमका सन्देशसमेत दिनुभएको थियो । विभिन्न स्थानमा गीत सङ्कलनका क्रममा आफूले नेपाललाई नजिकबाट चिन्ने अवसर पाएको उल्लेख गर्दै उहाँले स्वदेश पुगेका बेला ती स्थानहरू भ्रमण गर्न दर्शकलाई आह्वान गर्नुभयो ।

कन्सर्टमा सहभागी दर्शकमध्ये सिङ्गापुरबाट आएका रेस्टुरेन्ट व्यवसायी पदम थापाले नेपाली संस्कृति समेटिएको संगीतसँग झुम्न पाउँदा अत्यन्त खुसी लागेको बताउनुभयो । "नेपथ्यको स्वाद लिनकै निम्ति टाढाबाट आएको हुँ," उहाँले भन्नुभयो, "राम्रो तयारी र उत्कृष्ट व्यवस्थापनले कन्सर्टलाई अझ प्रभावकारी बनाएको छ।"

पछिल्ला वर्षहरूमा वैदेशिक रोजगारीका लागि प्रमुख गन्तव्य बन्दै गएको मलेसियामा नेपालीहरूको उपस्थिति उल्लेखनीय रूपमा बढ्दै गएको छ। यसै सन्दर्भमा नेपथ्यका लागि मलेसिया २०औं देश र क्वालालम्पुर ५८औं विदेशी सहर बनेको छ जहाँ ब्यान्डले प्रस्तुति दिएको हो ।

कन्सर्टमा मलेसियास्थित नेपाली दूतावासकी उपप्रमुख (चार्ज डि अफेयर्स) मुदिता बज्राचार्यको पनि उपस्थिति रहेको थियो । उहाँले कन्सर्ट अनुभवलाई अत्यन्त भावनात्मक र गर्विलो भन्दै नेपाली शब्द र धुनहरूले पुराना सम्झना ताजा गराएको बताउनुभयो।

त्यस्तै, क्वालालम्पुरस्थित लिङ्कन विश्वविद्यालयमा अध्ययनरत सिमरन सेढाईंले अमृत गुरुङलाई नजिकबाट सुन्न पाएको अनुभवलाई "सपनाजस्तो" भएको बताउनुभयो । बाल्यकालदेखि मन पराएको 'यो जिन्दगानी' गीत प्रत्यक्ष सुन्दा भावुक भएको उहाँले साझा गर्नुभयो ।

दुई घण्टा लामो कन्सर्टको समापन 'रातो र चन्द्रसुर्जे' गीतबाट गरिएको थियो। कार्यक्रम आयोजना गरिएको 'जेप क्वालालम्पुर' अन्तर्राष्ट्रिय स्तरको रंगमञ्च हो, जसको विस्तार जापानस्थित 'जेप समूह'ले गरेको हो । सो समूहका निर्देशक सिनिचिरो होन्डाले नेपथ्यको प्रस्तुति नेपाली मौलिकता र वैश्विक स्वादको उत्कृष्ट संयोजन भएको प्रतिक्रिया दिनुभयो । स्थानीय आयोजक 'आर्बिटरी इभेन्ट्स'का विपिन नकर्मीले पनि कन्सर्टप्रति सन्तुष्टि व्यक्त गर्दै दर्शकले मिठो अनुभव लिएर फर्किएको बताउनुभयो ।

कन्सर्टमा अमृत गुरुङलाई ड्रमसेटमा ध्रुव लामा, बेस गिटारमा सुविन शाक्य, गितारमा नीरज गुरुङ, मादलमा शान्ति रायमाझी र किबोर्डमा दिनेशराज रेग्मीले साथ दिनुभएको थियो ।

*अवार्ड विजेता वृत्तचित्र 'सन्चलाल:*

# सिड्स अफ होप'को



काठमाडौं/दीपेन्द्र केसीद्वारा निर्देशित तथा निर्मित वृत्तचित्र 'सन्चलाल: सिड्स अफ होप' को आधिकारिक पोस्टर सार्वजनिक गरिएको छ । देव डी प्रोडक्सनको प्रस्तुतिमा निर्माण भएको यस वृत्तचित्रको पोस्टरले यसको संवेदनशील विषयवस्तु र अन्तर्राष्ट्रिय सफलता झल्काएको छ ।

श्याम-श्वेत शैलीमा डिजाइन गरिएको पोस्टरलाई रोयल भीमसनेले तयार गरेका हुन्। पोस्टरमा विकट ग्रामीण परिवेशमा सन्चलाल र एक बालकको दृश्य समावेश गरिएको छ, जसले वृत्तचित्रको भावनात्मक पक्षलाई उजागर गर्छ।

वृत्तचित्रले मकवानपुरको मनहरी क्षेत्रको जंगलबीच रहेको एक दुर्गम चेपाङ बस्तीमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्ति सन्चलालको जीवनकथालाई प्रस्तुत गरेको छ । गरिबी, एक्लोपन र अभावका बीच पनि आशा र संघर्षलाई निरन्तरता दिएका सन्चलालको जीवनयात्रा यस वृत्तचित्रको मुख्य विषय हो। निर्देशक केसीले सीमान्तकृत समुदायको यथार्थ र सन्चलालको संघर्षलाई संवेदनशील ढंगले पर्दामा उतार्ने प्रयास गरेका छन् ।

वृत्तचित्रले अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा समेत उल्लेखनीय सफलता हासिल गरेको छ। अष्ट्रेलियामा आयोजित टाइटन इन्टरनेसनल फिल्म फेस्टिभल २०२५ को चौथो संस्करणमा यसले 'बेस्ट डकुमेन्ट्री अफ द सिजन' र 'बेस्ट डकुमेन्ट्री अफ द इयर' गरी दुई अवार्ड जितेको थियो । साथै, बलिउड एन्ड हलिउड फिल्म फेस्टिभल अष्ट्रेलिया २०२६ का लागि पनि आधिकारिक छनोटमा परेको छ ।

वृत्तचित्रको लेखन दीपेन्द्र केसी र ईश्वर लुइँटेलले संयुक्त गरेका हुन् । अर्जुन सापकोटा र हिमाल शर्माले छायांकन गरेको यस वृत्तचित्रको सम्पादन मदन घिमिरेले गरेका छन्। नेपाली समाजको एक ओझेलमा परेको यथार्थ कथा अन्तर्राष्ट्रिय मञ्चसम्म पुर्‍याउन सफल भएको यस वृत्तचित्रले दर्शकमाझ पनि सकारात्मक चर्चा बटुल्ने अपेक्षा गरिएको छ।

# बिजुलीमा भ्याट थोपर्नु उपभोक्ता हितविपरीत



काठमाडौं/सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघ नेपालले आर्थिक वर्ष २०८३/०८४ को बजेटमार्फत् ५० युनिटभन्दा बढी विद्युत् खपत गर्ने उपभोक्तामाथि थप गरिएको ५ प्रतिशत् मूल्य अभिवृद्धि कर (भ्याट) तत्काल खारेज गर्न माग गरेको छ ।

महासंघले नेपाल विद्युत् प्राधिकरणको प्रस्तावित पुन:संरचनामा स्थानीय सरकार र समुदायको अर्थपूर्ण भूमिका सुनिश्चित गर्नुपर्ने मागसहित प्रेस विज्ञप्ति जारी गरेको हो । नेपालमा विद्युत् उत्पादन प्रारम्भ भएको १ सय १५ वर्ष पूरा भइसकेको र हाल राष्ट्रिय प्रसारणप्रणालीमा करिब ४ हजार १ सय मेगावाट् विद्युत् जोडिएको उल्लेख गर्दै महासंघले उत्पादन बढे पनि खपत विस्तार गर्ने प्रभावकारी र दुरदर्शी योजना सरकारसँग नभएको आरोप लगाएको छ। घरायसी प्रयोग, कृषि, सिचाईं, खानेपानी, उद्योग र विद्युतीय यातायातमा खपत बढाउने पर्याप्त सम्भावना हुँदाहुँदै थप कर थोपर्नु ऊर्जा नीतिविपरीत भएको विज्ञप्तिमा उल्लेख छ ।

महासंघ अध्यक्ष नारायण ज्ञवालीद्वारा जारी विज्ञप्तिमा भनिएको छ-लाखौं विद्युत् उपभोक्ताले पहिले नै मिटर जडान शुल्क, एम्पियरका आधारमा लाग्ने डिमान्ड शुल्क र विभिन्न स्ल्याबअनुसार प्रतियुनिट ३ रुपियाँदेखि १४ रुपियाँसम्म महसुल तिर्दै आएका छन्। यस्तो अवस्थामा डिमान्ड र ऊर्जा शुल्क यथावत् र खेर थप ५ प्रतिशत् भ्याटको भार थोपर्नु उपभोक्ताको हितविपरीत छ। विशेषगरि आधारभुत र मध्यम आय भएका परिवारहरुले आयातित पेट्रोलियम पदार्थको विकल्पका रुपमा विद्युतीय चुलो (इन्डक्सन) प्रयोग बढाउँदै लगेको अवस्थामा गरिएको कर वृद्धिले स्वदेशी ऊर्जाखपत बढाउने राष्ट्रिय अभियानलाई कमजोर बनाउने जोखिम उत्पन्न गरेको महासंघको ठहर छ। महासंघका अनुसार सामुदायिक विद्युतीकरण कार्यक्रमअन्तर्गत् उपभोक्ताहरु आफैंले संरचना निर्माण र विस्तारमा २ अर्ब बढी प्रत्यक्ष लगानी गरिसकेका छन्।

विद्युत् महसुल दरहरुको वैज्ञानिक, व्यवहारिक तथा समयसापेक्ष पुनरावलोकन गरी सरल र उपभोक्तामैत्री संरचना लागु गर्न माग गर्दै महासंघले सरकारलाई हतारमा निर्णय गर्ने र पछि सच्याउने प्रवृत्तिबाट मुक्त हुन आग्रह गरेको छ । नेपाल सरकारले घोषणा गरेको नेपाल विद्युत् प्राधिकरणको पुन:संरचना प्रक्रियामा संघीय शासन प्रणालीको मर्मअनुसार स्थानीय सरकार र सामुदायिक संस्थाहरुको सार्थक सहभागिता हुनुपर्ने माग पनि महासंघले अघि सारेको छ।

स्थानीय सरकार र समुदायको सहभागितामा विद्युत् वितरण प्रणाली सञ्चालन गरिए विद्युत् चुहावट तथा चोरी नियन्त्रण प्रभावकारी हुने, सेवाप्रवाह छिटोछरितो र जवाफदेही बन्ने तथा विद्युत् संरचना संरक्षणमा स्थानीय अपनत्व बढ्ने विज्ञप्तिमा जनाइएको छ।

स्थानीय तहलाई जिम्मेवार बनाउँदा सेवाको गुणस्तर सुधार हुनुका साथै स्थानीय रोजगारी सिर्जना र प्राविधिक जनशक्ति विकासमा समेत ठूलो योगदान पुग्ने विश्वास महासंघले लिएको छ।

महासंघले विद्युत् उपभोक्ताको हित संरक्षण, राष्ट्रिय ऊर्जा सुरक्षाको सुदृढीकरण र स्वदेशी विद्युत् खपत वृद्धिका लागि सरकारले यी मागहरुमा तत्काल गम्भीर ध्यान दिन अनुरोध गरेको छ। मागहरु पूरा नभए प्रभावित लाखौं उपभोक्ताहरुमा असन्तुष्टि बढ्ने र राष्ट्रिय ऊर्जा संकट समाधानको अभियानमा गम्भीर असर पर्ने चेतावनीसमेत महासंघले दिएको छ।

# न्युड फोटोसुट: कलाकारहरुको 'कला'

काठमाडौं/सामाजिकसञ्जाल र मनोरञ्जन उद्योगमा समयसमयमा कलाकारहरुको बोल्ड तथा कलात्मक फोटोसुटले चर्चा र विवाद दुवै निम्त्याउने गरेका छन्। बलिउडका केही कलाकारले विभिन्न अभियान, म्यागजिन कभर तथा क्यालेन्डर फोटोसुटका लागि न्युड वा अर्धन्युड पोज दिएका छन्, जसले व्यापक बहस जन्माएको थियो ।

*सन्नी लियोन :* सन्नी र उनका पति डेनियल वेबरले केही वर्षअघि पशुअधिकार संस्था पेटासँग सम्बन्धित अभियानका क्रममा बोल्ड फोटोसुट गराएका थिए। सन्नी लामो समय वयस्क मनोरञ्जन उद्योगमा आबद्ध रहेकी थिइन् र सन् २०१२ मा *जिस्म-२* मार्फत् बलिउडमा प्रवेश गरेपछि मुख्यधाराको फिल्मक्षेत्रमा स्थापित हुन सफल भइन् । उनले पशु अधिकारसम्बन्धि विभिन्न अभियानमा पनि सहभागिता जनाएकी छन् ।

*इशा गुप्ता :* बलिउड अभिनेत्री इशा गुप्ता सन् २०१७ मा सामाजिकसञ्जालमा सार्वजनिक गरेका आफ्ना बोल्ड तस्वीरका कारण चर्चामा आएकी थिइन् । *बादशाहो* प्रदर्शनको समयमा उनले इन्स्टाग्राममा सार्वजनिक गरेका केही तस्वीरले ठूलो चर्चा र आलोचना दुवै बटुलेका थिए। यद्यपि, इशाले ती तस्वीरलाई आफ्नो व्यक्तिगत् अभिव्यक्तिको रुपमा व्याख्या गरेकी थिइन् ।

*कल्की कोचलिन :* अभिनेत्री कल्की कोचलिनले पनि सन् २०१५ मा एउटा म्यागजिनका लागि गराएको कलात्मक फोटोसुटका कारण चर्चा बटुलेकी थिइन्। शरीरप्रति सकारात्मक सोच र महिलाको स्वतन्त्र अभिव्यक्तिको सन्देश दिन उनले उक्त फोटोसुट गराएको बताएकी थिइन्। तस्वीरमा उनको नांगो ढाडमात्र देखिएको थियो, तर त्यसले सामाजिकसञ्जालमा ठूलो बहस सिर्जना गरेको थियो।

*विद्या बालन :* विद्या बालन बलिउडकी त्यस्ती अभिनेत्री हुन्, जसले परम्परागत् सुन्दरताको मापदण्डलाई चुनौती दिँदै आफ्नो छुट्टै पहिचान बनाएकी छन् । चर्चित फोटोग्राफर डब्बु रत्नानीको वार्षिक क्यालेन्डरका लागि उनले बोल्ड पोज दिएकी थिइन्। त्यसबेला उनको तस्वीरलाई लिएर प्रशंसा र आलोचना दुवै भएको थियो ।

# माडीमा सांस्कृतिक उत्सव

भरतपुर/गणतन्त्र दिवसको अवसरमा माडी प्रज्ञाप्रतिष्ठानले 'मौलिक संस्कृति उत्सव-२०८३' आयोजना गर्ने भएको छ। जेठ १५ गते दिउँसो ३ बजेदेखि बसन्तपुर बजारस्थित खुला चौरमा उत्सव सञ्चालन गरिने छ।

माडीको मौलिक कला, संस्कृति, भाषा, भेषभूषा, परम्परा तथा सामाजिक सद्भावलाई संरक्षण, प्रवर्द्धन र उजागर गर्ने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको माडी प्रज्ञाप्रतिष्ठानका अध्यक्ष नारायणप्रसाद सापकोटाले जानकारी दिए ।




उत्सवमा विभिन्न जातजाति तथा समुदायको पहिचान झल्कने झाँकी, सांस्कृतिक प्रस्तुति तथा सामुदायिक सहभागिता रहने छ । विशेषगरी, थारु समुदायका आठ प्रकारका सांस्कृतिक प्रस्तुति देखाइने प्रतिष्ठानका अध्यक्ष सापकोटा बताउँछन् । मगर, तामाङ, नेवार, दुरा, गुरूङ, चेपाङ, बोटे, राई, दरईलगायत १२ जनजातिका प्रस्तुति रहने छ । दलित समुदायको पञ्चेबाजा र सारङ्गी प्रस्तुति, ब्राह्मण-क्षेत्री समुदायको स्वस्ति वाचन तथा भजनजस्ता कार्यक्रम हुनेछन् ।

कार्यक्रम सुरू हुनुपूर्व मौलिक तथा आकर्षक झाँकीसहित बसन्तपुर बजार परिक्रमा गरिने उत्सवका प्रचार संयोजक विपीन पाठकले बताए । कार्यक्रम परिसरभित्र विभिन्न जातजातिका मौलिक परिकारसहित 'मौलिक खाना पर्व'को पनि व्यवस्था छ । सबैको रैथाने खानाका परिकारलाई समेत उत्सवमा सहभागी गराइनेछ ।

माडी नगरपालिकाकी नगर प्रमुख ताराकुमारी काजी महतोले स्थानीय सरकारको योजनाअनुसार स्थानीय विषयलाई उकास्नुका साथै पुस्तान्तरणका लागि पनि यस्ता कार्यक्रमले विशेष भूमिका खेल्ने बताइन् । 'रैथाने खानासँगै हाम्रा रहनसहन नयाँ पुस्ताले बिर्सिने जोखिम बढ्दै गयो । त्यसकारण, स्थानीय सरकारलाई पनि संरक्षणको दायित्व आएको छ,' उनी भन्छिन्, 'तसर्थ प्रज्ञाप्रतिष्ठानमार्फत संरक्षण गर्ने प्रयास गरेका हौं, यसमा सबैको हातेमालो आवश्यक रहेको छ ।'

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगतप्रसाद भुसालले उत्सव आयोजना गर्नका लागि नगरपालिकाले दुई लाख ५० हजार रूपैयाँ बजेट विनियोजन गरेको बताए । उत्सवमा सहभागी हुनका लागि सबै जातजातिलाई जातीय एवम् मौलिक पोसाकमा उपस्थित हुन आग्रह गरिएको छ ।

# लुम्बिनीमा फेरि'दै एमालेका मन्त्री



काठमाडौं/लुम्बिनी प्रदेश सरकार पुनर्गठनको तयारीबीच नेकपा एमालेबाट सरकारमा सहभागी चार मन्त्रीले सामूहिकरुपमा राजीनामा दिएका छन् ।

बुधबार भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकाल, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थी, स्वास्थ्य मन्त्री खेमबहादुर सारु तथा ऊर्जा, जलस्रोत तथा सिचाईंमन्त्री सीता शर्माचौधरीले मुख्यमन्त्री चेतनारायण आचार्यसमक्ष राजीनामा बुझाएका हुन्।

मुख्यमन्त्री आचार्यले मन्त्रीहरुको कार्यकालको प्रशंसा गर्दै उनीहरुलाई धन्यबाद ज्ञापन गरेका छन् भने राजीनामा स्वीकृतसमेत गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ ।

प्रदेश सरकारले साउन १ गतेदेखि मन्त्रालयको संख्या घटाएर ८ मा सीमित गर्ने निर्णय गरिसकेको छ । मन्त्रालयको संरचना पुनर्गठन गर्ने नीति तथा कार्यक्रमअनुसार सरकार पुनर्गठनको प्रक्रिया अघि बढाइएको बताइएको छ।

सत्तासाझेदार दलहरुबीच सरकार पुनर्गठनबारे छलफल चलिरहेका बेला एमालेले आफ्ना मन्त्रीहरु परिवर्तन गर्ने निर्णय गरेको हो । मुख्यमन्त्री आचार्य भने यथावत् र हनेछन्। एमालेस्रोतका अनुसार नयाँ मन्त्री नियुक्तिका लागि गुल्मीका डिल्लीराज भुसाल, अर्घाखाँचीका रामजी घिमिरे, रुपन्देहीका तुलसीप्रसाद चौधरी तथा बाँकेका रत्न खत्रीको नाम सिफारिस गरिएको छ ।


खत्री यसअघि सामाजिक विकासमन्त्रीको जिम्मेवारी सम्हालिसकेका नेता हुन् भने भुसाल, घिमिरे र चौधरी मन्त्रीका लागि नयाँ अनुहार मानिएका छन्।

दोस्रो पटक प्रदेशसभामा निर्वाचित भएर पनि मन्त्री बन्ने अवसर नपाएका सांसद्लाई प्राथमिकतामा राख्ने एमालेको रणनीतिअनुसार घिमिरे र चौधरीको नाम अगाडि आएको बताइएको छ।








आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। स्थान: रातोमाटे भोर्ले ।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

हेटौडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५ औं वर्ष



# विपद्को उच्च जोखिममा रहेकालाई साझा प्रतिबद्धता

सन्देश संवाददाता

काठमाडौं/प्राकृतिक विपद्को उच्च जोखिममा रहेका दक्षिण एसियाली मुलुकबीच क्षेत्रीय सिकाइ आदानप्रदान, समावेशी विपद् जोखिम शासन प्रणाली र समुदाय–केन्द्रित उत्थानशीलता निर्माणका लागि व्यवहारिक नीति तथा लगानी सिफारिस अघि बढाउने साझा प्रतिबद्धता व्यक्त गरिएको छ ।




दुर्योग निवारण र विपद् पूर्वतयारी सञ्जाल नेपालको संयुक्त आयोजनामा सम्पन्न 'सुरक्षित भविष्य निर्माण: समुदायको उत्थानशीलतामा लगानी' विषयक दक्षिण एसिया नीतिसंवादका सहभागी वक्ताहरुबीच पूर्वतयारीमा लगानी, समावेशी तथ्यांक प्रणाली, पूर्वानुमानमा आधारित पूर्वकार्य, प्रभावमा आधारित पूर्वसूचना प्रणाली, जोखिम हस्तान्तरण, समुदाय–नेतृत्वको निगरानी तथा स्थानीय सन्दर्भअनुकूल विपद् जोखिम शासन प्रणालीलाई सुदृढ गर्नुपर्ने साझा समझदारी बनेको छ ।

कार्यक्रममा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका प्राज्ञ तथा नेपाल वाटर कन्जर्भेसन फाउन्डेसन संस्थापक अध्यक्ष दीपक ज्ञवालीले भविष्यका जोखिमलाई पहिल्यै अनुमान गरी क्षति हुनुअघि नै जोखिम न्यूनीकरणमा लगानी गर्नुपर्ने आवश्यकता औंल्याए । उनले जलवायु परिवर्तन, अधुरो विकास प्रक्रिया, बदलिँदो विश्वव्यवस्था, वित्तीय प्राथमिकतामा आएको परिवर्तन र विपद् जोखिम वित्तीय व्यवस्थापनका चुनौतीलाई मध्यनजर गर्दै विपद् जोखिम शासन प्रणालीलाई पुनर्विचार गर्नुपर्ने विषयमा जोड दिए ।

दुर्योग निवारण अध्यक्ष अच्युत लुइँटेलले समावेशी, प्रमाणमा आधारित र समुदाय–केन्द्रित विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलतासम्बन्धि अभ्यास र नीतिगत् बहसलाई प्रवर्द्धन गर्न संवादको आयोजना गरिएको बताए । विपद् पूर्वतयारी सञ्जाल नेपाल अध्यक्ष डा. वसन्तराज अधिकारीले विपद्ले राजनीतिक वा प्रशासनिक सिमाना नमान्ने भएकाले क्षेत्रीय सहकार्य, सीमापार जोखिम व्यवस्थापन, पूर्वानुमानमा आधारित तयारी, जोखिम–सूचित लगानी र समुदाय–नेतृत्वको पूर्वतयारीलाई थप सुदृढ गर्नुपर्ने आवश्यकता औंल्याए ।

समुदायको उत्थानशीलता निर्माणमा लैंगिक समावेशीकरण विषयमा केन्द्रित संवादको दोस्रो सत्रमा लैंगिक दृष्टिले असमावेशी विपद् जोखिम न्यूनीकरणलाई कायम राख्ने शासनगत् कमजोरीबारे छलफल गरिएको थियो । वक्ताहरुले विपद् जोखिम मूल्यांकन, पूर्वतयारी योजना, पूर्वकार्य, पुनर्लाभ तथा स्रोत वितरणमा महिला, किशोरी, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, सीमान्तकृत जाति, समुदाय र जीविकोपार्जन समूहहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्नेमा जोड दिएका थिए ।

लिंग, उमेर र अपांगताअनुसार वर्गीकृत तथ्यांकको महत्व विशेषरुपमा उठान गरियो । यस्ता तथ्यांक केबल प्रतिवेदनका लागिमात्र संकलन नगरी पूर्वसूचना सम्प्रेषण, सुरक्षित स्थानमा स्थानान्तरण योजना, आश्रयस्थलको डिजाइन, स्रोत विनियोजन, स्थानीय बजेट निर्माण र जोखिममा रहेका समूहलाई लक्षित सहयोगका लागि प्रयोग गर्नुपर्नेमा सहभागीहरुको जोड थियो ।

दक्षिण एसियाका विभिन्न देशका उत्थानशीलता निर्माणका अभ्यास प्रस्तुत गरिएको तेस्रो सत्रमा नेपालमा नागरिक विज्ञान र समुदायमा आधारित जलमापनमार्फत् बाढी पूर्वसूचना प्रणाली, जोखिम हस्तान्तरण र सूचकांकमा आधारित बिमा, भारतको अत्यधिक गर्मी जोखिम व्यवस्थापन र अत्यधिक गर्मी तथा तातो हावाको लहरबारे कार्ययोजना तथा श्रीलंकामा आँधीबेहरी साइक्लोनपछिको पुनर्लाभ प्रक्रियाबाट प्राप्त शासनगत् सिकाइबारे छलफल भएको थियो ।

नेपालको अनुभवले समुदायलाई केबल सूचना प्राप्त गर्ने समूहका रुपमा नभइ जोखिम सूचना उत्पादन गर्ने, व्याख्या गर्ने र प्रवाह गर्ने प्रमुख साझेदारका रुपमा हेर्नुपर्ने सन्देश दिएको छ । स्थानीय वर्षा मापन, नदीको जलसतह निगरानी, प्रभावमा आधारित वर्षा सूचना, नागरिक वैज्ञानिक, महिला तथा युवा स्वयम्सेवक र डिजिटल प्लेटफर्मको प्रयोगले स्थानीय तहमा विश्वास, तयारी र समयमै कार्य गर्न सक्ने क्षमता बढाएको उदाहरण प्रस्तुत गरिएको थियो ।

जोखिम हस्तान्तरणमा सूचकांकमा आधारित तथा प्यारामेट्रिक बिमा प्रणालीले पूर्वनिर्धारित वर्षा, जलसतह वा अन्य जोखिम सूचक पार भएपछि छिटो भुक्तानी गर्नसक्ने भएकाले साना किसान, न्यून आय भएका घरधुरी र जलवायु जोखिममा रहेका समुदायलाई छिटो पुनर्लाभमा सहयोग पुऱ्याउनसक्ने सम्भावनाको खोजी पनि भएको थियो । वैज्ञानिकरुपमा प्रमाणित सूचक, सरकारी प्रमाणीकरण, प्रिमियममा अनुदान, सामाजिक सुरक्षा प्रणालीसँगको सम्बन्ध र मौसम विज्ञान निकाय, बिमा प्राधिकरण, स्थानीय सरकार तथा समुदायबीच सहकार्य हुनुपर्ने वक्ताहरुको धारणा थियो ।

अत्यधिक गर्मीले स्वास्थ्य, शिक्षा, श्रम उत्पादकत्व, जीविकोपार्जन र जोखिममा रहेका समूहमा गम्भीर असर पार्ने बताउँदै अत्यधिक गर्मी तथा तातो हावाको लहरबारे कार्ययोजनालाई स्थानीय सरकार, स्वास्थ्य प्रणाली, विद्यालय, श्रमिक सुरक्षा, सहरी योजना र सार्वजनिक पूर्वसूचना प्रणालीसँग संस्थागतरुपमा जोड्नुपर्ने आवश्यकता औंल्याइयो । विपद् पूर्वतयारी सञ्जाल नेपाल महासचिव ई. सुरज गौतमले सुरक्षित भविष्य निर्माणका लागि प्रविधि र वित्तीय स्रोतमात्र पर्याप्त नहुने, बरु समुदायमा विश्वास निर्माण, संस्थागत् प्रतिबद्धता, अर्थपूर्ण सहभागिता र दीर्घकालीन लगानी अपरिहार्य रहेको निष्कर्ष सुनाए ।

कार्यक्रममा दुर्योग निवारणद्वारा तयार गरिँदै गरेको लैंगिक तथा सामाजिक समावेशी विपद् जोखिम न्यूनीकरण चेकलिस्टबारे प्रस्तुतिकरण गरिएको थियो । चेकलिस्टले लैंगिक उत्तरदायी र सामाजिकरुपमा समावेशी विपद् जोखिम न्यूनीकरणलाई योजना, कार्यान्वयन, अनुगमन र मूल्यांकनमा व्यवहारिकरुपमा समावेश गर्न मद्धत पुऱ्याउने अपेक्षा गरिएको छ । संवादमा नेपाल, भारत, श्रीलंका, बंगलादेश, पाकिस्तानका सरकारी तथा गैरसरकारी प्रतिनिधि, नागरिक समाज संस्था, अनुसन्धानकर्ता, विकास साझेदार, क्षेत्रीय सञ्जाल, दक्षिण एसियाका विपद् जोखिम न्यूनीकरणका अभ्यासकर्ता तथा समुदायमा आधारित उत्थानशीलता प्रवर्द्धनमा संलग्न सरोकारवालाको सहभागिता थियो ।

# बुढीगण्डकी जलविद्युत् अब बहुउद्धेश्यीय

सन्देश संवाददाता

काठमाडौं/सरकारले बुढीगण्डकी जलविद्युत् आयोजनालाई बहुउद्धेश्यीय र लगानीयोग्य बनाउने उद्धेश्यसाथ प्राधिकरण स्थापना गर्न लागिएको स्पष्ट पारेको छ। आगामी आर्थिक वर्षको बजेटमा आयोजनालाई प्राधिकरण मोडलमा अगाडि बढाउने व्यवस्था गरिएको हो। ऊर्जा जलस्रोत तथा सिचाईमन्त्री विराजभक्त श्रेष्ठले आयोजनालाई थप सम्भाव्य बनाउने उद्धेश्यसाथ प्राधिकरण मोडल अगाडि सारिएको जानकारी दिए।



शुक्रबार सञ्चारकर्मीसँगको भेटमा उनले जलविद्युत् आयोजनाका रुपमा मात्र अगाडि बढाउँदा राज्यको लगानीको अपेक्षित प्रतिफल कम आउने भएकाले सिचाई, खानेपानी, मत्स्यपालन तथा पर्यापर्यटनसमेत सञ्चालन गर्ने उद्धेश्यले बहुउद्धेश्यीय बनाउन लागिएको उल्लेख गरे। कुल एक हजार २ सय मेगावाट् क्षमताको उक्त आयोजनाको काम समानान्तर रुपमा अगाडि बढाउन मन्त्रालयले आवश्यक पहल गरेको मन्त्री श्रेष्ठले बताए । उनका अनुसार आयोजनास्थलसम्म पुग्ने पुल तथा आवासस्थल बनाउनका लागि ठेक्का प्रक्रिया अगाडि बढाइएको छ ।

आयोजनाको आवश्यक ढाँचा तय भइसकेको छ। कम्पनी ढाँचामा अगाडि बढिरहेको आयोजनालाई थप अधिकारसम्पन्न बनाउने उद्धेश्य सरकारले राखेको मन्त्री श्रेष्ठले स्पष्ट पारे । लामो समयसम्म आयोजना अगाडि नबढ्दा अन्यौलता बढिरहेको अवस्थामा सरकारले आवश्यक समन्वय तथा सहजीकरण गरिरहेको उनले जानकारी दिए। लोडसेन्टर ( बिजुली खपत हुने मुख्य क्षेत्र) नजिक भएकाले पनि आयोजना प्राथमिकतामा रहेको जानकारी दिँदै मन्त्री श्रेष्ठले बजेटमा उल्लेख गरिएको प्राधिकरण सोही प्रयोजनका लागि रहेको स्पष्ट पारे।

ऊर्जा मन्त्रालयले सरोकार भएका सबै मन्त्रालयसँग पनि एकीकृतरुपमा परियोजनाका सन्दर्भमा छलफल गरेको उनले जानकारी दिए। आयोजनाको जलाशय रहने क्षेत्रमा चक्रपथ निर्माण गर्ने तथा पर्यटनको पूर्वाधार निर्माण गर्ने योजना अगाडि सारिएको छ। ऊर्जा मन्त्रालयले तय पारेको ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३ मा उक्त आयोजना विसं २०९१ सम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको छ। आयोजनाको विस्तृत परियोजना प्रतिवेदन ( डीपीआर) सन् २०१४ मा फ्रान्सेली कम्पनी ट्र्याक्टबेलले तयार पारेको छ । आयोजनामा कुल २ सय ६३ मिटर अग्लो बाँध निर्माण हुनेछ । धादिङको बेनीघाटबाट दुई किलोमिटर उत्तरमा बाँध निर्माण हुनेछ । बढी बिजुली माग हुने काठमाडौं, पोखरा, नारायणगढलगायत लोड सेन्टरनजिकको उक्त आयोजना आफैंमा महत्वपूर्ण मानिएको छ । सरकारले २०७९ असारमा आयोजना निर्माणका लागि कम्पनी स्थापना गर्ने निर्णय गरेको थियो ।

मुलुकको ऊर्जा सुरक्षाका लागि महत्वपूर्ण मानिएको उक्त आयोजना निर्माणका लागि सरकारले प्राथमिकतामा राखेको छ । आयोजनाबाट झण्डै आठ हजार १ सय १७ घरपरिवार प्रभावित हुनेछन्। आयोजना प्रभावितलाई हालसम्म करिब ४५ अर्ब मुआब्जा वितरण भइसकेको छ । जग्गा अधिग्रहण करिब ९६ प्रतिशत् भएको छ । पुनर्वास तथा स्थानान्तरणका लागि छुट्टै कार्यविधि तय भए पनि कार्यान्वयन भने भएको छैन । आयोजनालाई सरकारले राष्ट्रिय गौरवमा सूचीकृत गरेको छ । सुरुमा आयोजनाको लागत दुई खर्ब ६० अर्बबराबर रहने उल्लेख गरिए पनि निर्माण लागत तथा समयसमेत बढ्दै जाँदा हाल चार खर्बबराबर पुगेको छ । नीतिगत् अन्यौल, लगानी निर्माणमा ढाँचा तय गर्न भएको ढिलाइ र निर्णय प्रक्रियामा भएको सुस्तताका कारण लागत बढेको सरोकार भएकाहरुको टिप्पणी रहँदै आएको छ । आयोजनाबाट वार्षिक करिब तीन अर्ब ३८ करोड युनिट विद्युत् उत्पादन हुने अनुमान छ । बिजुली बिक्रीबाट आयोजनाबाट वार्षिक करिब ३१ अर्ब ४८ करोड आम्दानी हुने प्रक्षेपण छ ।

# बीचमै जागिर छाड्दै सरकारी सेवाका हजारौं कर्मचारी

सन्देश संवाददाता

काठमाडौं/कहिल्यै नथाक्ने तयारी, वर्षौंको संघर्ष र हजारौं प्रतिस्पर्धीलाई पछि पारेर सरकारी सेवामा प्रवेश गरेका हजारौं कर्मचारी बीच बाटोमै जागिर छोड्न बाध्य भइरहेका छन् । देश र जनताको सेवा गर्ने उद्धेश्यसहित निजामती सेवामा प्रवेश गरेका कर्मचारीहरु क्रमश: निराश बन्दै राजीनामा दिन थालेपछि राज्य संयन्त्रभित्र गम्भीर प्रश्न उठेको छ–आखिर लोकसेवाको कठिन परीक्षा पास गरेका कर्मचारी किन टिक्न सकिरहेका छैनन् ?

सरकारसँग यसको स्पष्ट उत्तर छैन। अझ दु:खद् पक्ष के छ भने कर्मचारीहरुले किन राजीनामा दिइरहेका छन् भन्ने विषयमा कुनै गम्भीर अध्ययनसमेत गरिएको छैन। राष्ट्रिय किताबखानाका अनुसार चालु आर्थिक वर्ष २०८२/०८३ को जेठ १९ गतेसम्म ५ सय ७५ कर्मचारीले राजीनामा दिएका छन् । पछिल्ला पाँच वर्षको तथ्यांक हेर्दा ३ हजार ४ सय ६० कर्मचारी सरकारी सेवाबाट बाहिरिएका छन् । आर्थिक वर्ष २०७८/०७९ मा ७ सय ६९, २०७९/०८० मा ८ सय ४, २०८०/०८१ मा ७ सय १४ र २०८१/८२ मा ५ सय ९८ कर्मचारीले राजीनामा दिएका थिए । औसतमा वर्षेनी ७ सयदेखि ८ सय कर्मचारीले सेवाअवधि पूरा नगरी जागिर छाडिरहेका छन्। राजीनामा दिनेमा कार्यालय सहयोगीदेखि उपसचिवसम्मका कर्मचारी छन् । केही सचिवले भने पेन्सनसुविधा जोगाउन अवकाश मितिभन्दा केही दिनअघिमात्र राजीनामा दिने गरेको तथ्यसमेत देखिएको छ ।

*दोषमात्रै, संरक्षण छैन*

कर्मचारी वृत्तमा बढ्दो असन्तुष्टिको एउटा प्रमुख कारण राज्यको दृष्टिकोणलाई पनि मानिएको छ । सेवाप्रवाहमा कमजोरी देखिँदा सम्पूर्ण दोष कर्मचारीमाथि थोपर्ने, तर काम गर्ने वातावरण, सुरक्षा र मनोबलको पक्षमा राज्य गम्भीर नदेखिने गुनासो कर्मचारीमा बढ्दो छ । विशेषगरि स्थानीय तहमा कार्यरत् कर्मचारीहरुले जनप्रतिनिधिबाट अनावश्यक दबाब, अपमानजनक व्यवहार र नियमविपरीत काम गर्नुपर्ने दबाब झेल्नुपरेको गुनासो गर्दै आएका छन् । कतिपय कर्मचारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पर्ने उजुरीको त्रासका कारण निर्णय लिन डराउने अवस्था रहेको बताउँछन् ।

इमान्दार भएर काम गर्न खोज्ने कर्मचारी नै बढी मानसिक तनावमा पर्ने गरेको अधिकारीहरु स्वीकार गर्छन् । राष्ट्रिय किताबखानाका केही अधिकारीका अनुसार काम गर्ने वातावरण नपाउँदा र निरन्तरको फ्रस्टेसनका कारण केही सक्षम कर्मचारीले समेत राजीनामा दिएका छन् । प्रशासनविद्हरुले यसलाई निजामती सेवामा देखिएको सायलेन्ट एक्सोडसको समस्या भएको भन्दै यो बढ्दै गएमा गम्भीर समस्याहरु आउन सक्ने भन्दै सरकारलाई सचेत पारेका छन् । सायलेन्ट एक्सोड्स भन्नाले ठूलो हल्ला वा सार्वजनिक विरोधबिना कर्मचारीहरु चुपचाप सेवा छाड्दै जानु वा पलायन हुनु भन्ने बुझिन्छ ।

*सेवासुविधा कमजोर*

सरकारी सेवामा बढ्दो असन्तुष्टिको अर्को कारण सेवासुबिधा पनि हो। सीमित तलब, बढ्दो महंगी, कार्यबोझ र न्यून प्रोत्साहनका कारण धेरै कर्मचारी निजीक्षेत्र वा विदेशी अवसरतर्फ आकर्षित भइरहेका छन्। विशेषगरि सूचनाप्रविधि, व्यवस्थापन, इञ्जिनियरिङ तथा प्रशासनिक दक्षता भएका कर्मचारीलाई निजीक्षेत्रमा सरकारी सेवाभन्दा धेरै गुणा राम्रो सुबिधा र अवसर प्राप्त हुने भएकाले उनीहरु टिक्न नसकेको बताइन्छ । कतिपय कर्मचारी निजामती सेवामा प्रवेश गरेपछि विदेशको स्थायी बसोबास अनुमति (पीआर) पाएर बाहिरिने गरेका छन् भने केही अध्ययनका लागि विदेश गएपछि उतै हराउने गरेका छन्। सरकारी खर्चमा अध्ययन गर्न गएका कर्मचारी उतै बस्दा पनि राज्यले प्रभावकारी अनुगमन गर्न नसकेको गुनासो छ ।

*परिवार टुक्रिने समस्या*

सरकारी सेवाको सरुवाप्रधान संरचनाका कारण परिवार विखण्डनको समस्या पनि बढ्दो छ । पति–पत्नी फरक जिल्लामा कार्यरत् हुँदा बालबच्चाको हेरचाहदेखि पारिवारिक सम्बन्धसम्म प्रभावित हुने गरेको कर्मचारीहरुको अनुभव छ । दुर्गम क्षेत्रमा वर्षौं बस्नुपर्ने, असुरक्षित आवास, कमजोर स्वास्थ्य सुबिधा र सामाजिक जीवनको अभावले पनि धेरै कर्मचारीलाई निराश बनाउने गरेको छ ।

*छैन स्पष्ट रणनीति*

कर्मचारी हेर्ने सीपीएको रुपमा रहेको भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कर्मचारीहरु किन बीचमा राजीनामा दिन्छन्, त्यसको कारण पहिचान गरी राजीनामा दिने अवस्था आउन नदिन उपयुक्त रणनीति तथा योजना लागु गर्नुपर्नेमा त्यस्तो केही गर्न सकेको छैन । सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता एकदेव अधिकारीले कर्मचारीले जागिर छाड्ने क्रम केही वर्षदेखि घट्दो क्रममा रहेको बताए। उनले राजीनामा दिएर सरकारी जागिर छाड्नुका कारणहरु पहिचान गर्न हालसम्म कुनै अध्ययन अनुसन्धान नभए पनि आगामी दिनमा त्यस प्रकारको अध्ययन अनुसन्धान गरी कर्मचारीको राजीनामा रोक्नुपर्ने आवश्यकता औंल्याए। यस सम्बन्धमा लोकसेवा आयोगले पनि कुनै अनुसन्धान गर्न सकेको छैन । निजामती किताबखानाका महानिर्देशक श्रवणकुमार पोखरेलले दक्ष जनशक्ति टिकाउन नसक्दा राज्यको लगानी खेर जाने भएकाले सरकार गम्भीर हुनुपर्ने बताए ।

*अब के गर्नुपर्छ ?*

प्रशासनविद्हरुका अनुसार कर्मचारीलाई दोषारोपण गर्नेभन्दा उनीहरुको कार्यपरिस्थिति सुधार गर्न राज्यले ध्यान दिनु आवश्यक छ । विशेषगरि काम गर्ने सुरक्षित र सम्मानजनक वातावरण निर्माण, कार्यसम्पादनमा राजनीतिक तथा अनावश्यक हस्तक्षेप नियन्त्रण, मानसिक स्वास्थ्य र काउन्सिलिङको व्यवस्था, परिवारमैत्री सरुवानीति, दक्ष कर्मचारीका लागि प्रोत्साहन र करिअर विकास योजना, उत्कृष्ट काम गर्ने कर्मचारीलाई संरक्षण र सम्मान, प्रोत्साहनको वातावरण जस्ता कदम तत्काल आवश्यक रहेको उनीहरुको सुझाव छ। राज्यले समयमै कर्मचारीहरुको असन्तुष्टि बुझ्न सकेन भने दक्ष जनशक्ति पलायन अझ तीव्र बन्ने र त्यसको प्रत्यक्ष असर सार्वजनिक सेवाप्रवाहमा पर्ने चिन्ता बढ्न थालेको छ ।

# कहाँ गए ६ हजार ५८ निजामती कर्मचारी ?




सन्देश संवाददाता

काठमाडौं/अध्ययन, असाधारण र बेतलबी बिदाको नाममा लामो समयदेखि राज्य संयन्त्रकै सम्पर्कबाहिर रहेका ६ हजार ५८ निजामती कर्मचारीमाथि सरकारले कडा छानबिन प्रक्रिया सुरु गरेको छ। भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वयमा ती कर्मचारीहरुको वास्तविक अवस्था खोजी गर्न देशव्यापी अभियान थालिएको हो ।

सरकारी अभिलेखमा विवरण अद्यावधिक नभएका तथा लामो समयदेखि सम्पर्कविहीन कर्मचारीलाई ३ दिनभित्र आफ्नो पछिल्लो विवरण पेश गर्न अल्टिमेटम दिइएको छ । निर्धारित समयभित्र सम्पर्कमा नआए कानुनअनुसार विभागीय कारबाहीदेखि बर्खास्तीसम्मको प्रक्रिया अघि बढाइने चेतावनी सरकारले दिएको छ । निजामती सेवा ऐन तथा नियमावलीअनुसार लगातार ९० दिनभन्दा बढी कार्यालयमा अनुपस्थित रहने कर्मचारीलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिने व्यवस्था छ ।

सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता एकदेव अधिकारीद्वारा जारी विज्ञप्तिमा सम्पर्कविहीन कर्मचारीहरु तत्काल राज्यको सम्पर्कमा आउन आग्रह गरिएको छ। अन्यथा, कानुनी कारबाही अपरिहार्य हुने स्पष्ट चेतावनी दिइएको छ । राष्ट्रिय किताबखाना (निजामती) को अभिलेखअनुसार विभिन्न प्रकारका बिदामा रहेका कुल ७ हजार ५१ कर्मचारीमध्ये केवल ९ सय ९३ जनाको मात्र वैधानिक र स्पष्ट विवरण भेटिएको छ । बाँकी ६ हजार ५८ कर्मचारीको वास्तविक अवस्था भने राज्यसँग अज्ञात छ । यसलाई निजामती प्रशासनभित्रको गम्भीर बेथिति र अभिलेख व्यवस्थापनको भयावह कमजोरीका रुपमा हेरिएको छ ।

सामान्य प्रशासन मन्त्रालयले बिहीबार १६ वटा मन्त्रालयका प्रशासन महाशाखा प्रमुख सहसचिवहरुलाई मन्त्रालयमै बोलाएर आफ्नो मातहतका कार्यालयमा बिदामा रहेका कर्मचारीहरुको वास्तविक अवस्था तत्काल खोजी गर्न निर्देशन दिएको थियो। त्यसपछि विभिन्न मन्त्रालयले सम्पर्कविहीन कर्मचारीहरुको खोजतलास तथा विवरण संकलन अभियान थालेका छन् । राष्ट्रिय किताबखाना (निजामती) का महानिर्देशक श्रवणकुमार पोखरेलले विवरण अद्यावधिक नगर्ने कर्मचारीहरु कडा कारबाहीको जोखिममा रहेको बताए। उनका अनुसार तलबी अध्ययन बिदामा रहेका ४ हजार १ सय ३२ कर्मचारीमध्ये ७ सय ३१ जनाको मात्र वैधानिक अवस्था पुष्टि भएको छ भने ३ हजार ४ सय १ जनाको अवस्था अज्ञात छ। बेतलबी अध्ययन बिदामा रहेका १ हजार ४ सय ४५ जनामध्ये केवल १ सय ६७ जनामात्र राज्यको सम्पर्कमा छन् । बाँकी १ हजार २ सय ७८ जनाको कुनै स्पष्ट विवरण फेला परेको छैन।

असाधारण बिदामा रहेका १ हजार ४ सय ४९ कर्मचारीमध्ये ९५ जनाको मात्र अभिलेख स्पष्ट छ भने १ हजार ३ सय ५४ जना पूर्णरुपमा सम्पर्कबाहिर रहेको सरकारी तथ्यांकले देखाएको छ। 'धेरै कर्मचारी अध्ययन वा अन्य बिदामा रहेको भनिए पनि व्यवहारमा राज्यकै सम्पर्कमा छैनन्। अब खोजतलासका क्रममा कैफियत भेटिए विभागीय कारबाही हुँदै बर्खास्तीसम्मको प्रक्रिया अघि बढ्छ,' महानिर्देशक पोखरेलले भने। राष्ट्रिय किताबखाना (निजामती) ले १७ वटै मन्त्रालयलाई पत्राचार गर्दै आफ्नोमातहत बिदामा रहेका कर्मचारीहरुको वास्तविक अवस्था, कार्यस्थिति र सम्पर्क विवरण तत्काल पठाउन निर्देशन दिएको छ । किताबखानाले सम्पर्कविहीन ६ हजार ५८ कर्मचारीको नामावली सम्बन्धित मन्त्रालयलाई पठाइसकेको जनाएको छ । अब सम्बन्धित मन्त्रालयले ती कर्मचारीको वास्तविक अवस्था पुष्टि गर्नुपर्नेछ। भएको, बिदाको दुरुपयोग गरेको वा कानुनी प्रक्रिया पूरा नगरी लामो समय सम्पर्कबाहिर बसेको पुष्टि भए त्यस्ता कर्मचारीमाथि विभागीय कारबाहीसहित बर्खास्ती प्रक्रिया अघि बढाउने तयारी सरकारले गरेको छ।

## अखिल क्रान्तिकारीद्वारा वातावरण दिवस

सन्देश संवाददाता

हेटौंडा/अखिल (क्रान्तिकारी) मकवानपुरले ५४ औं विश्व वातावरण दिवसको अवसरमा शहीद रुद्र पाखिन स्मृति पार्क गढीमा वृक्षरोपण तथा सरसफाइ गरेको छ । 'प्लाष्टिक प्रदुषण अन्त्य गरौं, स्वच्छ वातावरण निर्माण गरौं' भन्ने नारासाथ आयोजित कार्यक्रममा विभिन्न राजनीतिक तथा सामाजिक व्यक्तित्वहरुको उपस्थिति थियो ।

कार्यक्रमकी प्रमुख अतिथि बागमती प्रदेशसभा सदस्य कुमारी मोक्तानले वातावरण संरक्षणको विषयमा महत्वपूर्ण धारणा राख्दै भनिन्–आजको दिन केवल एउटा कार्यक्रममात्र होइन, यो हाम्रो आउँदो पुस्ताप्रति गरिने दायित्व हो । वृक्षरोपण भनेको भविष्यमा लगानी गर्नु हो । हाम्रो वायु, हाम्रो माटो, हाम्रो नदी सबै दोहोरो संकटमा छन् । एकातिर प्रदुषण, अर्कोतिर वनविनाश। त्यसैले प्रत्येक नागरिकले वातावरण संरक्षणमा व्यक्तिगत् जिम्मेवारी लिनु आजको आवश्यकता हो ।

कार्यक्रमका सभाध्यक्ष अखिल (क्रान्तिकारी) मकवानपुर अध्यक्ष बुद्धराज अर्यालले भने–हामीले रोपेका बिरुवाहरु भोलिका पुस्ताका लागि छहारी बन्नेछन् । वातावरण संरक्षण कुनै एक दलको वा एक व्यक्तिको काम होइन, यो समाजको साझा कर्तव्य हो। अखिल (क्रान्तिकारी) मकवानपुर यस अभियानमा सदैंव अग्रपंक्तिमा उभिनेछ । कार्यक्रममा नेकपा बागमती प्रदेश सचिवालय सदस्य विवेक राई, नेकपा बागमती प्रदेश सदस्य प्रदीप अर्याल, राजकुमार केसी, नेकपा मकवानपुर गढी गाउँपालिका सहसंयोजक राजन दाहाल, नेकपा हेटौंडा उपमहानगरपालिका–७ अध्यक्ष बासु कटुवाल, हेउनपा वाईसीएल वडा–५ अध्यक्ष हरि ढकाल, समाजसेवी केदार दुलाललगायत अखिल (क्रान्तिकारी) मकवानपुरका पदाधिकारी एवम् सदस्यहरुको उपस्थिति थियो । कार्यक्रमको सञ्चालन अखिल (क्रान्तिकारी) मकवानपुर सहसचिव सुजन सिलवालले गरेका थिए ।

# वक्तृत्वकलामा भानुकी श्रद्धा प्रथम

सन्देश संवाददाता

हेटौंडा/५४ औं विश्व वातावरण दिवसको अवसरमा हेटौंडा–६, चौघडास्थित रानी सामुदायिक वन उपभोक्ता समूहले आयोजना गरेको वक्तृत्वकला प्रतियोगितामा भानु माध्यमिक विद्यालयकी श्रद्धा ल्वागुन प्रथम भएकी छन् ।

'वनडँढेलो नियन्त्रणमा सामुदायिक वन समूहको भूमिका' विषयमा आयोजित सामुदायिक तथा संस्थागत् विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगितामा सुनगाभा शिक्षा निकेतनकी प्रकृति लामिछानेमगर द्वितीय तथा भुटनदेवी माध्यमिक विद्यालयकी शारिका सुबेदी तृतीय भएको समूहले जनाएको छ । प्रतियोगितामा ६ विद्यालयका ११ विद्यार्थीको सहभागिता थियो ।

वडा सदस्य विजय पौडेलको प्रमुख आतिथ्यता तथा वन समूह उपाध्यक्ष महेन्द्रकुमार श्रेष्ठको सभाध्यक्षतामा कार्यक्रम भएको थियो । प्रतियोगितामा सामुदायिक वन उपभोक्ता महासंघ नेपाल केन्द्रीय सदस्य रामहरि चौलागाई, शिक्षाविद् रमेशप्रसाद लामिछाने तथा वन समूहका लेखा संयोजक राजकुमार फुयाँलले निर्णायकको भूमिका निर्वाह गरेका थिए । समूह सचिव अमुना सापकोटाले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रममा समूह सल्लाहकार विष्णुप्रसाद न्यौपाने, चुच्चेखोला सामुदायिक वनका कार्यालय सचिव केदारप्रसाद गौतम, वन समूहका पदाधिकारी, कर्मचारी, उपभोक्तालगायतको सहभागिता थियो। यस वर्षको विश्व वातावरण दिवसको नारा 'प्रकृतिको प्रेरणा, जलवायु संरक्षण, भविष्यको सुनिश्चितता' छ ।

## सर्पको टोकाइबाट सुरक्षित हुन सावधानी अपनाऔं।

- राति हिंड्दा टर्च/बत्तीको प्रयोग गरौं,
- झाडी, घाँस र ढुंगामुनि हात हाल्दा सावधानी अपनाऔं,
- घर वरिपरि सफा राखौं र सर्प बस्ने ठाउँ हटाऔं,
- खेतबारी वा बगैंचामा काम गर्दा जुत्ता र लामा कपडा लगाऔं,
- प्रभावित अंग कम चल्ने गरी स्थिर राखौं,
- सर्पले टोकेमा झारफुकमा नलागी तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जाऔं,
- अस्पतालमा सर्पदंश विरुद्धको उपचार उपलब्ध हुन्छ ।

*समयमै उपचार भएमा सर्पदंश निको हुन्छ, ढिलाइ भएमा ज्यान जाने जोखिम बढ्छ ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/द्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने